## सम्पादकीय

# जसपा विभाजनको असर

मधेशमा वैकल्पिक शक्ति बनाउने सपना बोकेका नेताहरुले आफ्नो सपनालाई आफैले तुहाएका छन् । गठन भएको १६ महिनामै जनता समाजवादी पार्टी विभाजित भएको छ । यो विभाजन अरु कसैबाट नभई पार्टीकै नेताहरुको अहमको परिणाम हो । जसपालाई मधेशको वैकल्पिक शक्ति बनाउने सपना जनताको थिएन, पार्टीकै नेताहरुको थियो । जब पार्टी नै विभावन भएको छ, त्यो सपना पूरा हुने फगत गफ मात्र हुनेछ अब ।

जसपाको अध्यक्षबाट हटाइएका महन्थ ठाकुरले जनता समाजवादी पार्टी नेपाल (लोकतान्त्रिक) दर्ता गरेका छन् । २०७७ बैशाख १० गते मध्यरातमा हतारहतारमा तत्कालीन राष्ट्रिय जनता पार्टी र समाजवादी पार्टीबीच एकीकरण गरी जनता समाजवादी पार्टी गठन गरिएको थियो । गठन भएको एक वर्ष नबित्दै पार्टीभित्र गम्भीर विवाद सिर्जना भयो र अन्नतः दुई चिरामा विभक्त भयो ।

सरकारले पार्टी विभाजन र गठनका लागि सजिलो हुनेगरी राजनीतिक दलसम्बन्धी ऐन अध्यादेश संशोधन गरेपछि ठाकुर पक्षले नयाँ पार्टी गठन गरेका हुन ।

**जसरी मधेशी शक्तिको संगठित स्वरूप जसपाको निर्माणले मधेशको मन खुसीले भरिएको थियो त्यसरी नै विभाजनले मन मलिन भएको छ । मधेशको शक्ति कमजोर हुँदा केवल मधेशी दल वा नेतालाई मात्र होइन, मधेश मुद्दालाई समेत कमजोर बनाउँछ ।**

दल विभाजनसम्बन्धी अध्यादेशमको बाछिटा मधेश राजनीतिमा पनि देखिएको छ । अब सहजै अनुमान लगाउन सकिन्छ कि मधेशी दललाई यो अध्यादेशबाट सबैभन्दा बढी असर पर्छ । यो अध्यादेशले तत्कालका लागि एमाले वरिष्ठ नेता माधव कुमार नेपाल र महन्थ ठाकुरलाई फाइदा दिएपनि कालान्तरणमा अन्य पार्टीलाई पनि असर गर्ने निश्चित छ । यसको अर्थ देश फेरि अस्थिरताको भुमरीमा फस्ने सम्भावना छ । स्थिरता खोजिरहेका देशमा फेरि अस्थिरता शृङ्खला सुरु हुन्छ । अध्यादेशको आडमा अहिले जसरी जसपा फुटेको छ यसको बढ्ता असर उही पार्टीमा देखिने छ । माउ पार्टी फुटाएर नयाँ दल दर्ता गराए सांसद पद गुमाउनुपर्ने जोखिम अध्यादेशले पार लगाइदिएपछि दल विभाजनको होडबाजी चल्ने निश्चित छ । राजनीतिक विभाजनसँगै अस्थितरताको यात्रा सुरु हुने पनि पक्का छ ।

जसरी मधेशी शक्तिको संगठित स्वरूप जसपाको निर्माणले मधेशको मन खुसीले भरिएको थियो त्यसरी नै विभाजनले मन मलिन भएको छ । मधेशको शक्ति कमजोर हुँदा केवल मधेशी दल वा नेतालाई मात्र होइन, मधेश मुद्दालाई समेत कमजोर बनाउँछ । तसर्थ, विभाजनले मधेशमा मधेशी शक्तिको आफ्नो तागत आफ्नै कारणले कमजोर बन्न पुगेको छ ।

मिलेर मुद्दा सम्बोधन गराउनुपर्ने जनादेशविपरीत जसपा स्वार्थका लागि फुटेको हो । मिलेर राज्य सत्तासँग मधेशको मुद्दा सम्बोधन गराउनु पर्ने ठाउँमा आपसी अमेलका कारण मधेशको सवाललाई झन ओझेलमा पारिएको हो । सत्ता स्वार्थका लागि जसपा फुट्दा मधेशको मन रोएको छ । मधेश आन्दोलनमा बलेको आगोको रापले नेताहरुको स्वार्थका कारण आफै जलेका छन् ।

# असन्तुष्ट धरातल : समृद्धिको सोच

**विचार - विश्लेषण** भाग–१०४



उपेन्द्र झा

अमेरिकाका राजनीतिक विश्लेषक तथा पूर्वश्रममन्त्री रोबर्ट बी रेइब आफ्नो पुस्तक "द सिस्टम हु रिग्ड ईट, हाउ वी फक्स्ड ई" मा जब व्यवस्था केही व्यक्तिलाई धनी बनाउन खोज्छ, तब समग्र पद्धतिप्रति जनतामा आक्रोश र देशमा बेमेल ल्याउँछ भन्ने कुरा उल्लेख गरेको छ । उक्त कुराको नेपाली राजनीतिमा यथार्थ चित्रण पाइन्छ ।

सन् १९८६ मा "दोईमोई" अर्थात् पुनर्निर्माणको आर्थिक कार्यक्रमबाट विकास थालेको भियतनाम अहिले विश्व लगानीकर्ताका लागि अति आकर्षणको केन्द्र बनेको छ । मलेसियाका महाथिर मोहम्मदले धेरै कम समयमा आर्थिक विकासका इतिहास रचेका छन् । यस्ता धेरै उदाहरणहरु छन् जसले आफूभन्दा देशलाई महत्व दिएका थिए ।

प्रजातन्त्र पुनर्स्थापनाको तीन दशकमा यहाँका नेताहरुले आधुनिक वैज्ञानिक विकास कार्यक्रमहरु आयातीत गरेर पनि नेपालको विकासको ग्राफलाई प्रगतिशील बनाउन सकेन । योजना छ, सरकारको विकासको एजेण्डा छ, वैदेशिक लगानी पनि छ, तर प्रगतिशीलता छैन । परियोजनाहरु परिणाममुखी किन हुन सकेन भन्ने विषयका जानिफकार अर्थविद्हरुले तत्कालीन सरकारको भ्रष्टाचार नीतिको दोष देखाएर आउने सरकारलाई आफू सहयोग गर्ने भनेर सुझाव दिन्छन् । योजनामा आमूल परिवर्तन देखिँदैन र सञ्चालन गर्नेहरु मालामाल हुन्छन् ।

आफ्नो दायित्व र जिम्मेवारीबाट बाहिर गएर जुनसुकै प्रणाली जब व्यक्ति पोस्न प्रयोग हुन्छ, त्यहाँ राजनीति अराजक बन्दछ र जनता त्यस प्रणालीको विरोधमा उत्रिन्छन् । प्रणालीले जन अपेक्षा पूरा गर्न सकेन भने जनताकै लागि रहेको प्रणालीको के अर्थ ? "समृद्ध नेपाल सुखी नेपाली" जनचाहना अनुसारको नारा ल्याएको दुई तिहाईका स्थिर सरकारले ठगेको कुरा साबित भएको छ । असन्तुष्ट धरातल माथिको जुनसुकै सरकारको सोच र विकास प्रयास असफल हुने केपी शर्मा ओलीको दुई तिहाईको स्थिर सरकारभन्दा अर्को कुनै उदाहरण हुनै सक्दैन । राजनीतिक अनुकूलता आफ्नो पक्षमा रहेपनि केपी शर्मा ओली सरकार न हुँदा अरुको सफल होला ?

मधेशको आवाजलाई समेट्न नसकी हतारमा जारी गरिएको अधुरो तर आफ्नो मनोनुकूल "संघीय लोकतान्त्रिक गणतन्त्र" को संविधानलाई तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले ११ असोज २०७७ मा अब उपरान्त संघीय लोकतान्त्रिक गणतन्त्रको सट्टामा "नेपाल" मात्र लेख्ने आफ्नो मन्त्रिपरिषद्मा निर्णय गऱ्यो । असोज २८ गते सो निर्णय कार्यान्वयन गर्ने गराउने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई आदेश गरियो ।

सदनको दुई तिहाई मतले संविधान संशोधन गर्ने प्रावधान हुँदा हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रको सट्टामा नेपाल मात्र लेख्ने भन्ने निर्णय संविधान विपरीतको निर्णय नभई अरु के हो ? ओली सरकारले ऐतिहासिक रुपमा पाएको राजनीतिक अनुकूलता उनको सत्ता उन्माद र त्यसबाट प्राप्त स्वेच्छाचारिताले सबै समाप्त पारी दियो । उनको शासनको निरंकूल शैलीले उनको शासनकालका सुनौलो अवसर गुम्न पुग्यो ।

देश र जनताको समस्याहरु समाधान गर्न, विशेष अभिष्ट पूरा गर्न, लक्ष्यको बाटोमा आउने बाधा व्यवधानलाई रोक्न ओलीले संवैधानिक ११ वटा समितिलाई आफ्नो मातहतमा ल्यायो । बुद्धिजीवी, विश्लेषकहरु पनि उपरोक्त कुरालाई मनन् गर्दै केही होला भन्ने आशमा बसेका थिए । त्यस कदमको छिटफुट आलोचना मात्र भएको थियो । तर ओलीबाट त्यस्ता उल्लेखनीय कुरा केही भएको देखिएन । यो त सबै कुरा आफैले समेटेर राख्ने ओलीको बाल स्वभाव मात्र देखियो । संवैधानिक समितिलाई आफ्नो कब्जामा लिने जङ्गबहादुर शैलीभन्दा अरु अर्थ लाग्ने कुनै कुरा देखिएन ।

हरेक कुरामा विवाद उठाउने ओलीको स्वेच्छाचारी स्वभावले सर्वोच्च अदालत पनि विवादित हुन पुग्यो । यिनकै निरंकूश स्वभावले एमाले विभाजित भएको इतिहास बन्यो अरुभन्दा ओली ऊर्जावान व्यक्ति हो । तर नकारात्मक क्षेत्रमा ऊर्जाको प्रयोग भएका कारण देशले केही पाउन सकेन । आफूपछि छोडेर जाने देश र जनताका लागि उल्लेखनीय कुनै कार्य देखिँदैन ।

"समृद्ध नेपाल सुखी नेपाली" ओलीले ल्याएको यो नारा ७ पुस्तापछिको हो । विकास थालिएकै छैन, समृद्धिको कुरा जनता झुक्याउनेबाहेक अरु केही होइन । देशमा राजनीतिक स्थिरता ल्याउन नसक्ने क्रान्तिकारी दलहरु असन्तुष्टताको जगमा सरकार बनाएर जनता झुक्याउने काम गर्छन् । तीन दशक भयो, देश परनिर्भरताको दलदलमा इन्च-इन्च धस्दै गइरहेको छ । राष्ट्रवादको डम्फु पिट्नेहरु यति सानो देशले यति ठूलो व्यापार घाटा कसरी उठाइरहेको छ, त्यसप्रति किञ्चित सम्वेदना छैन । बाहिरबाट आउला र खाउँलामा आफूलाई सीमित राख्ने संकीर्णतावादीहरुको कब्जामा रहेको यो देश कसरी उभो लाग्ने ?

मधेशलाई यिनले स्वीकार गरेको छैन भने उनको आवाजलाई सम्बोधन गर्ने शासकहरुमा दूरदर्शिता छैन । शासकवर्गको हित चिन्तनमा रमाउने शीर्ष राजनीतिक दलहरु मधेशलाई विशुद्ध भारतीय बुझेर व्यवहार गर्ने, उनको समस्यालाई उपेक्षा गरी अगाडि बढ्नेबाट पनि यहाँ राजनीतिक क्षेत्रमा ठूलो समस्या आउने गर्दछ ।

समस्याहरुलाई पन्छाएर कपटपूर्ण ढंगले राजनीतिक स्थिरता देखाउनेले प्रत्येक १० वर्षमा देशमा आउने आन्दोलनको भेललाई कसरी नजरअन्दाज गरेका होलान् । यी शासकवर्गले आफैले स्थिरता ल्याउन चाहँदैन । तरल अवस्थाको राजनीतिमा सबैको स्वार्थ पूरा हुने भएकोले जनता भड्काएर स्वार्थ सिद्ध गर्ने राजनीतिक परम्परा यिनले बसाएको छ । यी शासकवर्गको देश र जनताप्रतिको नियत शुद्ध भएको भए देश बितेको तीन दशकमा नै फड्को मार्थ्यो ।

> मधेशलाई यिनले स्वीकार गरेको छैन भने उनको आवाजलाई सम्बोधन गर्ने शासकहरुमा दूरदर्शिता छैन । शासकवर्गको हित चिन्तनमा रमाउने शीर्ष राजनीतिक दलहरु मधेशलाई विशुद्ध भारतीय बुझेर व्यवहार गर्ने, उनको समस्यालाई उपेक्षा गरी अगाडि बढ्नेबाट पनि यहाँ राजनीतिक क्षेत्रमा ठूलो समस्या आउने गर्दछ ।

आफू र आफन्तको स्वार्थमा डुबेका राजनीतिक दलहरु भिजनलेस, सत्रामा गएर धनलाभ गर्ने, रमाउनेले देश र जनताको समस्याप्रति कहिल्यै सम्वेदनशील हुँदैन र देशलाई अस्थिर बनाएर आफ्नो दूनो सोझ्याउनेबाहेक अरु केही सोच्दैन । आमजनता, आफ्नै पार्टीबाट पनि आलोचित हुने सबै राजनीतिक दल र नेताहरु कति लोकप्रिय छन् प्रष्ट हुन्छ । त्यसकारण "समृद्ध नेपाल सुखी नेपाली" ओलीले दिएको मनको लड्डू हो, घ्यूसित स्वाद लिएर खानोस् ।

janukjha24@gmail.com

# मिथिलाञ्चलमा रक्षाबन्धन पर्वको रौनक सुरु

जनकपुरधाम । महोत्तरीसहितका मिथिला क्षेत्रमा राखी (रक्षाबन्धन) पर्वको रौनक ह्वात्तै बढेको छ । मिथिलामा आगामी आइतबार राखी पर्व मनाइँदैछ । मिथिलामा साउन शुक्लपक्ष प्रारम्भ भएसँगै पर्वको चहलपहल बढ्न थाल्छ । फुटपाथे पसल हउन् वा पान पसल । ठूलठूला व्यापारिक प्रष्ठिान हउन कि चलचित्र घर । सबै ठाउँमा दिदीबहिनी र दाजुभाइबीच गाढा प्रेम दर्शाउने गीतका धुन लगातार बजिरहेका छन् । चारैतिर राखी पर्वको रमझम र तयारीले सम्पूर्ण मिथिला क्षेत्र अहिले राखीमय देखिएको छ ।

मिथिलामा अहिले जताततै दाजुभाइको सौर्य बखान गरिएका माङ्गलिक धुन गुञ्जिरहेका छन् । प्रत्येकजसो गाउँनगर बस्तीमा रङ्गीबिरङ्गी रक्षाबन्धन (राखी), साउन पूर्णिमाका दिन दिदीबहिनीले दाजुभाइलाई हातमा बाँधिदिने कलात्मक ढङ्गले बनाइएका राखी (धागोका डोरा) बेच्न राखिएका छन् । बस्तीमा खासगरी किशोरी र नवयौवना सखी सहेली एकापसमा भेट हुनासाथ गरिने कुराकानी नै राखीको तयारीसँग सम्बन्धित हुने गरेको छ । बर्दिवास नगरपालिका-७ प्रेमनगर माइतघर भएकी उनले भारतको मद्रासमा रहेको भाइलाई पर्वमा आउन निम्ता गरिसकेको जानकारी दिइन् । विवाह भएर गएका चेली (दिदीबहिनी)हरु मोबाइल फोन र सञ्चारका अन्य साधनबाट आफ्ना दाजुभाइकहाँ छन् ? पत्ता लगाएर राखी बाँध्न आउने निम्ता दिन अहिले व्यस्त छन् । गत वर्ष र यसपालि पनि कोभिड-१९ महामारीले आवागमन सहज नहुँदा टाढाबाट दाजुभाइले घर पुग्न नसकिने बताउँदा मन कुँडिने गरेको उनको गुनासो छ ।

यसैगरी अविवाहित चेली पनि काम विशेषले घर बाहिर रहेका दाजुभाइलाई सम्झँदै पूर्णिमाका दिन राखी बाँध्न आउने निम्ता दिनमा तल्लिन रहेका देखिँदो छ । साउन शुक्लपक्ष सुरु भएयता दाजुभाइप्रति देखाइने वास्ता र पर्वको पूर्वतयारीले १५ दिन बितेको थाहै नपाइने गरेको पर्वका लागि राखी छान्न बर्दिवासबजार पुगेकी बर्दिबास-१२ की बिन्दु कुशवाहाको भनाइ छ । यही आउने भदौ ६ गते आइतबारका दिन मनाइने यस पर्वका लागि अहिले सिङ्गो मिथिला क्षेत्र नै उमङ्गित देखिँदो छ । मिथिला क्षेत्रमा दाजुभाइ तथा दिदीबहिनीबीच प्रेम, समर्पण र आपसी सम्बन्ध कहिल्यै नटुट्ने प्रतिबद्धता जनाइने यस पर्व यो क्षेत्रको सांस्कृतिक पर्व रहेको मिथिला लोकसंस्कृतिका ज्ञाता बताउँछन् ।

चेलीहरु अहिलेदेखि नै राखी बाँधी दिएपछि दाजुभाइलाई ख्वाइने मिष्ठान्न परिकारबारे योजना बनाउन थालेका छन् । यसैगरी दाजुभाइ पनि पर्वमा दिदीबहिनीसँग राखी बाँध्ने प्रयोजनका लागि केही दिनपहिलेदेखि नै आ-आफ्नो कामबाट फुर्सद मिलाउन लागेका देखिँदो छ । घरबाट काम विशेषले टाढाटाढा रहेका दाजुभाइ छुट्टी मिलाएर घर फर्कने तयारीमा रहेका टेलिफोन संवादले चेलीहरु खुशीले दङ्ग देखिन्छन् ।

अघि सत्ययुगमा तीनै लोक (स्वर्ग, मर्त्य र पाताल)को अधिपति रहेका दानवराज बलिलाई उनका बहिनी गङ्गा र यमुनाले युद्धमा जानुअघि विजयको कामना गर्दै हातमा रक्षाबन्धन ( रक्षाकवच) बाँधिदिएका कथन छ । सो युद्धमा बलिको जित भएको सम्झनामा प्रत्येक वर्षको साउन पूर्णिमाका दिन दिदीबहिनीले आफ्ना दाजुभाइको सौर्य वृद्धिको कामना गर्दै राखी बाँधी दिने परम्परा बसेको मिथिला क्षेत्रमा जनविश्वास छ । पर्व विशेषमा यसअघि केही मनोमालिन्य रहे/भए पनि दिदी बहिनीले निम्ता गरेपछि दाजुभाइ राखी बाँध्न पुग्ने गर्नुले चेलीहरु र माइती पक्षबीच सम्बन्ध सुधारमा समेत पर्वको विशिष्ट भूमिका हुने गरेको जलेश्वर नगरपालिका सुगाभवानीपट्टीका ८६ वर्षीय कृष्णचन्द्र झा बताउँछन् । पर्व विशेषमा दिदीबहिनी नहुने पुरुष र दाजुभाइ नहुने मिथिलानीले नजिकका नाता खोजेर राखी बाँध्ने, बँधाउने परम्पराले यो सांस्कृतिक पर्वको महत्व झनै उजेलिएको आम मिथिलावासी बताउँछन् । पर्वमा दाजुभाइ भेट हुन नसक्ने टुङ्गो भएपछि आफ्ना दाजुभाइलाई खाममा राखी राखेर हुलाकमार्फत पठाउने पुरानो चलन अझै देखिँदैछ ।

पर्वमा ब्राह्मण पुरोहितले शास्त्रोक्त विधिबाट अभिमन्त्रित डोरा यजमानलाई बाँधी दिने परम्परा भए पनि मिथिलामा भने मुख्य आकर्षण दिदीबहिनीकै हातबाट राखी बाँधिनु रहेको देखिन्छ । विगतमा मिथिला क्षेत्रका रैथाने बासिन्दामा मात्र प्रचलनमा रहेको यस पर्व आपसी सांस्कृतिक घुलमिलले अब हिन्दू धर्मावलम्बी पर्वते समुदाय मात्र नभई इस्लाम धर्मावलम्बीभित्र पनि बाक्लै प्रचलनमा आएको छ । पर्वते समुदायका चेली र इस्लाम धर्मावलम्बी दिदीबहिनी पनि आफूले दाजुभाइ मानेकाहरुलाई राखी बाँधीदिन पर्वको तयारीमा लागिपरेका छन् । पछिल्ला दिनमा पर्व हिन्दू धर्मावलम्बीको मानिदै आए पनि समाजमा हुने देखासिकी र पर्वको रमाइलो तथा आत्मीय पक्षको आकर्षणले जिल्लाका इस्लाम धर्मावलम्बी युवाले हिन्दू महिलालाई दिदीबहिनी बनाएर राखी बाँध्ने चलन बढ्न थालेको छ । यस पर्व अब मिथिला क्षेत्रको साझा पर्व बनेको रामगोपालपुर नगरपालिकाको बिसबिट्टी बस्तीका सामाजिक एवं राजनीतिक कार्यकर्ता इस्लाम धर्मावलम्बी ५० वर्षीय कादिर हुसैन बताउँछन् ।

# उपेन्द्रजीसँग लोभी प्रवृत्तिका मान्छेहरूको जमात छ

हामीले पार्टीभित्रका हैकमवादी प्रवृत्ति विरुद्ध अन्तर्संघर्ष गर्दा पनि त्यसलाई नजरअन्दाज गर्दै उपेन्द्र यादवले पार्टी फुटाइदिनका लागि निर्वाचन आयोगमा निवेदन दिनुभयो। बहुमतको दम्भमा उपेन्द्रको हैकमवादी प्रवृत्ति सहन नसकेर हामी बाध्य भएर जसपा नेपाल (लोकतान्त्रिक) निर्वाचन आयोगमा दर्ता गराएका हौं।



**उमाशंकर अरगरिया**
**केन्द्रीय कार्यकारिणी समिति सदस्य**
**जनता समाजवादी पार्टी, नेपाल (लोकतान्त्रिक)**

**० निर्वाचन आयोगमा 'जनता समाजवादी पार्टी, नेपाल ( लोकतान्त्रिक)' दर्ता गर्न अवस्था किन र कसरी सृजना भयो ?**

– हामीले मधेशका सबै दलहरुलाई एकीकरण गरेर जसरी अगाडि बढ्न खोजेका थियौं, त्यो सफल हुन सकेन। हामीले पार्टीभित्रका हैकमवादी प्रवृत्ति विरुद्ध अन्तर्संघर्ष गर्दा पनि त्यसलाई नजरअन्दाज गर्दै उपेन्द्र यादवले पार्टी फुटाइदिनका लागि निर्वाचन आयोगमा निवेदन दिनुभयो। बहुमतको दम्भमा उपेन्द्रको हैकमवादी प्रवृत्ति सहन नसकेर हामी बाध्य भएर जसपा नेपाल ( लोकतान्त्रिक) निर्वाचन आयोगमा दर्ता गराएका हौं। जसमा हामीले महन्थ ठाकुरजीलाई एकल अध्यक्ष बनायौं, अहिले तत्कालका लागि २४ सदस्यीय केन्द्रीय कार्यकारिणी समिति निर्माण भएको छ। सबैलाई अटाउने गरी केन्द्रीय समिति पनि निर्माण हुन्छ। जसपा लोकतान्त्रिकमा पहाड, हिमाल र मधेश सबै ठाउँका जातजाति, धर्म, लिङ्ग, समुदाय अटाउने गरी समेटिने छौं। हाम्रो चुनावचिन्ह 'साइकल' रहेको छ।

**० उपेन्द्र यादवले जसपाको आधिकारिकता पाएपनि तपाईंहरु पनि त्यही पार्टीभित्रै हुनुहुन्थ्यो, नयाँ दल नै दर्ता गर्नुपर्ने किन ?**

– मुख्य कुरा के हो भने, जसपाको निर्माण एकाएक मध्यरातमा भएको थियो। जसमा उपेन्द्रले आफ्ना खल्तीका मान्छेहरुलाई केन्द्रीय कार्यकारिणी समितिमा भर्ती गर्नुभयो। जसले उपेन्द्रको चम्चागिरी बढी गरेका छन्, आसेपासेहरु जुन छन्, त्यस्ताहरुलाई बढी प्राथमिकता दिनुभएको थियो। त्यसपछि उहाँले अल्पमत र बहुमतको खेल खेल्न थाल्नुभयो। यही प्रवृत्तिका कारण उहाँको पार्टी पटक-पटक फुटेको हो। सबै पार्टीमा अल्पमत र बहुमत हुन्छ। अल्पमतको कुरै सुन्न नचाहने, हैकमवादी प्रवृत्ति देखाउने उपेन्द्रको वानीका कारण यस्तो अवस्था आयो। हामीले आजसम्म पार्टी फुटाइदिनुस् भनेर निवेदन दिएका छैनौं।

**० तर, उपेन्द्र यादवले त पार्टीमा फर्किनुस्, आत्मालोचना गर्नुस् भनेर आह्वान गर्नुभएको हो नि ?**

– हामीले कुन गल्ती गरेका थियौं, कि आत्मालोचना गर्ने ? हामीले २१८ जना आन्दोलनकारीमाथि लगाइएको मुद्दा फिर्ता गरायौं। यो हाम्रो अपराध हो ? त्यसका लागि हामीले क्षमा माग्ने ? हामी १८ दिन मात्रै सरकारमा रहँदा उपेन्द्रजी १८ महिनासम्म गर्न नसकेका कामहरु गरेर देखायौं। त्यसका लागि क्षमा माग्ने ? हामी २० जना सांसद लिएर ओली सरकारमा गएका थियौं, जसमा हाम्रा ११ जना सांसद मन्त्री बन्नुभयो। उहाँ १८ महिना सरकारमा बस्दा के-के गर्नुभयो ? म आफै १८ दिनसम्म सरकारमा रहँदा जानकी मन्दिरलाई विश्व सम्पदा सूचिमा राख्न समिति बनाएँ, पशुपति क्षेत्रभित्र राम मन्दिरको शिलान्यास गरें। यसैगरी, संविधान संशोधनका लागि कार्यदल गठन गरायौं, अध्यादेशबाट नागरिकता विधेयक ल्यायौं। त्यसैले हामीले कुनै गल्ती गरेका थिएनौं, जसका लागि आत्मालोचना गर्ने।

**० जेजति भएपनि तपाईंहरुले जसपा नेपाल विभाजन गर्नुभयो, जनताले विश्वास गर्लान् ?**

– सबभन्दा पहिला हामीले पार्टी विभाजन गरेका होइनौं। उपेन्द्रजीले पटक-पटक पार्टीको साधारण सदस्यबाट निकालिदिएको सूचनासमेत निकाल्नुभयो। उहाँको यही प्रवृत्तिका विरुद्धमा उहाँकै विरुद्धमा केन्द्रीय समितिको बैठकमा नाराबाजी पनि भइरहेको छ। उहाँको सुरुदेखिको इतिहास छ, पटक-पटक पार्टी विभाजन हुँदै आएको छ। हाम्रो पार्टी एउटा सन्त नेता, मुद्दाप्रति अडिग नेताहरुको जमात छ। उपेन्द्रजीसँग लोभी प्रवृत्तिका मान्छेहरुको जमात छ। तर जनप्रिय नेतृत्वहरु हामीसँग छ। त्यसैले हामी नयाँ पार्टी गठन गरेर जाँदा जनताले हामीलाई विश्वास गर्नेछ।

**० तपाईंहरुसँग प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरु कतिका छन् ?**

– अहिले हामी निर्वाचन आयोगमा दल दर्ता गराएका छौं। कानूनअनुसार प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरुले आफ्नो दल रोज्ने मौका पाएका छन्। जो हामीसँग आउन चाहनु हुन्छ, उहाँहरुलाई स्वागत छ। हाम्रा संगठनहरु त छँदैछ।

**० जिल्ला-जिल्लाका संगठनहरु तपाईंहरुसँगै छन् त ?**

– यही बीचमा हामी प्रत्येक जिल्लामा नेता कार्यकर्ता भेला सम्पन्न गरेका छौं। संगठन कोसँग छ भन्ने कुरा जनसमुदायले हेरिरहेकै छन्। हरेक जिल्लामा जाँदा हामी शीर्ष नेतृत्वहरुलाई भव्य स्वागत भएको छ। हामीले कार्यकर्ता भेला मात्रै आयोजना गर्दा नेता कार्यकर्तासहित जनताको पनि लहर देखिएको थियो। भनेपछि हामीसँग एजेण्डा छ, नेता र कार्यकर्ता छन्।

**० देउवा सरकारलाई तपाईंहरुले पनि विश्वासको मत दिनुभएको छ, यो सरकारमा तपाईंहरु जाने कि नजाने ?**

– हामी सरकारमै जानैपर्छ भन्ने छैन। विश्वासको मत माग्ने दिन देउवाजीले हामीलाई औपचारिकरुपमा पत्र पनि पठाउनुभयो र छलफल पनि गर्नुभयो। रेशम चौधरी लगायतका राजबन्दी नेता कार्यकर्ताहरुलाई रिहा गर्ने, मधेशका माग पूरा गर्ने, संविधान संशोधनका लागि कार्यदल बनाउने लगायतका प्रतिबद्धता गर्नुभएको थियो। त्यसपछि हामीले उहाँलाई विश्वासको मत दियौं। अस्ति मंगलबार मात्रै हाम्रा अध्यक्ष महन्थ ठाकुरजीसँग प्रधानमन्त्री देउवासँग छलफल हुँदा सरकारमा आउन आग्रह गर्नुभयो। तर हाम्रा अध्यक्ष ठाकुरजीले उहाँलाई भन्नुभयो कि मन्त्री नै दिनु हुन्छ भने उपेन्द्र समूहलाई दिनुस्। हाम्रा लागि त मधेश मुद्दाको सम्बोधन, रेशम चौधरी लगायतका राजबन्दीहरुको रिहाइ, लाल आयोगको प्रतिवेदन सार्वजनिक, नागरिकता समस्या समाधान नै प्राथमिकता हो।

**० प्रधानमन्त्री देउवाले तपाईंहरुलाई पनि सरकारमा बोलाउँदै हुनुहुन्छ ?**

– उहाँले हामीलाई आग्रह गर्नुभएको थियो। तर पहिला हामीसँग जुन प्रतिबद्धता गर्नुभएको छ, त्यो पूरा गर्नुस् अनि सोच्छौं भनेका छौं। हाम्रा मागहरु पूरा भयो भने पछि सरकारमा जानुपर्ने अवस्था आयो भने जाउँला। त्यसैले सरकार हाम्रो प्राथमिकताको विषय होइन।

**० प्रधानमन्त्री शेरबहादुर देउवालाई तपाईंहरुले कहिलेसम्म समर्थन गरिरहने ?**

– अहिले त हाम्रो पार्टी निर्माण भएको छ। विभिन्न समितिहरु निर्माण गर्नुपर्नेछ, संगठन सुदृढीकरण गर्नुपर्नेछ। अर्कोतिर हाम्रा माग र मुद्दा सम्बोधनका लागि वार्ता पनि हुँदै गर्छ। जसरी यसअघिका प्रधानमन्त्री केपी शर्मा ओलीले हाम्रा मागहरु सम्बोधन गर्दा सरकारमा गयौं, त्यसरी नै शेरबहादुर देउवाजीले पनि हाम्रा मागहरु सम्बोधन गर्न थाल्नुभयो भने आवश्यकताको आधारमा हामी निर्णय गर्न सक्छौं।

**० अब चुनाव पनि नजिकिँदै गएको छ। आगामी चुनावमा उपेन्द्र यादवको दलसँग सहकार्य वा गठबन्धन हुने सम्भावना कति रहन्छ ?**

– राजनीतिमा के हुन्छ त्यो भन्न सकिँदैन, सम्भावनाको खेल हो। उहाँहरु वामपन्थी विचारधाराको हिसावले अगाडि बढिरहनुभएको छ, हामी लोकतान्त्रिक विचारधाराका हौं। नेपालको परिवेशमा पनि लोकतान्त्रिक र वामपन्थी विचारधाराहरु ध्रूवीकृत हुँदै गएको छ। त्यसैले आगामी चुनावमा कोसँग गठबन्धन वा सहकार्य हुन्छ अहिले नै भन्न सकिँदैन। जोसँग हाम्रो पार्टीको मुद्दा मिल्छ, उसैसँग गठबन्धन वा सहकार्य हुनसक्छ।

**० उपेन्द्र यादवको दलसँग फेरि एकता हुन्छ त ?**

– उहाँ त पाँच वर्षमा एक पटक जनताको मत लिने, आफ्ना मान्छेहरुलाई टिकट दिने, सांसद बनाउने खेलमा मात्रै हुनुहुन्छ। तर हामी विचार र सिद्धान्तको राजनीति गर्दै आएका छौं। जसले गर्दा उहाँसँग अब भविष्यमा एकता हुने सम्भावना कम छ।

**० प्रदेश २ को सरकारमा तपाईंहरुको अवस्था कस्तो रहनेछ ?**

– उपेन्द्रजी १८ महिनासम्म सरकारमा रहँदा मधेशको मुद्दा कमजोर नहोस् भनेर महन्थजीले प्रदेश २ को सरकारबाट फिर्ता आउने काम गर्नुभएन। तर हामी १८ दिनका लागि सरकारमा जाँदा हाम्रा सांसदहरुलाई मन्त्रीबाट हटाएर कांग्रेस र माओवादीलाई सरकारमा ल्याउनुभयो। अहिले प्रदेश २ को सरकारसँग दुई तिहाइभन्दा बढीको मत छ, कम्तीमा नामाकरण पनि गर्न सक्ने अवस्था छैन। प्रदेश सरकार अहिले भ्रष्टाचारमा लिप्त छ। त्यसकारणले भोली हाम्रो अवस्था परिवर्तन पनि हुन सक्छ।

# माधव नेपालको राजनीति रक्षार्थ दल विभाजनसम्बन्धी विधेयक ल्याइयो

हामीलाई थाहा थियो कि यही विधेयकको ठूलो लाभ महन्थजीलाई पनि हुँदैछ। यो कुरा थाहा हुँदाहुँदै पनि जसपा नेपालले कसैमाथि कारबाही गरेन। आफै छोडेर जानेहरु गए। हामीले कसैलाई निस्केर जाउ भनेका छैनौं। यो सदासयतालाई महन्थ ठाकुरजीले याद राख्नुहोला।



**मनिष सुमन**
**केन्द्रीय कार्यकारिणी समिति सदस्य**
**जनता समाजवादी पार्टी नेपाल**

**० जसपा नेपाल विधिवतरुपमै विभाजन भएको छ, तपाईं नि कता ?**

– जहाँ जसपा नेपाल छ, म त्यहीं छु। जहाँ मेरो निर्वाचन चिन्ह छाता छाप छ, म त्यहीं छु। जसलाई निर्वाचन आयोगले आधिकारिकता दिएको छ, अदालतले पनि आधिकारिकता दिँदै आएको छ, जनताले आधिकारिकता दिएको छ, म त्यहीं छु।

**० तर जसपाको एकता एक वर्षमै भत्कियो, किन ?**

– यो दुर्भाग्यपूर्ण हो। हामीले यो देशकै ठूलो वैकल्पिक शक्ति बनाऔं भन्ने विचारका साथ सम्पूर्ण मधेशवादी र जनजाति शक्तिहरु मिलेर एउटा कल्पना गरेका थियौं। त्यो भनेको जनता समाजवादी पार्टी हो। पछिल्लो समय केही नेताहरुका व्यवहारका कारण हामीबीच मतभिन्नता देखिन थालियो। सिंगो मधेश र देश ओलीसँग घृणा गरिरहेको परिप्रेक्ष्यमा हाम्रा केही नेताहरु ओलीको प्रतिगमनकारी कदम सही छ, ओली जिन्दावाद जस्ता कुराहरु गर्न थाल्नुभयो। पार्टीको निर्णय एकातिर थियो, तर केही नेताहरु त्यसलाई अवमूल्यन गरेर ओलीतिर लसपस हुन थाले।

**० तपाईं सुरुदेखि महन्थ-राजेन्द्र समूहमा हुनुहुन्थ्यो। तर आधिकारिकताको सवालमा उपेन्द्र समूहको बहुमत देखिएपछि तपाईं अन्तिम समयमा समूह परिवर्तन गर्नुभयो नि ?**

– म कुनै समूहमा बस्नुभन्दा सिंगो पार्टीमा बस्ने श्रेयष्कर ठाने। म जुन पार्टीको सदस्य थिएँ र छु त्यहीं पार्टीमा निरन्तरता दिन चाहेको हुँ। म गजेन्द्रबाबुले स्थापना गरेको स्थापना गरेको सद्भावना पार्टीबाट राजनीति सुरु गरेको थिएँ। पछि राष्ट्रिय जनता पार्टी बन्यो, त्यसपछि जसपा बन्यो, म जहाँको त्यहीं रहें। म कुनै पनि पार्टी फुटको साक्षी बसिन। नेताहरु राजेन्द्र महतोहरु पार्टी फोडेर गए तर मेरो पृष्ठभूमि हेर्दा त्यसैले म उहाँसँग गइनँ। म कित्ता परिवर्तन गरेको होइन, पार्टी छोडेर जानेहरुले कित्ता परिवर्तन गरे। पार्टी नफुटोस् भनेर अन्तिम समयसम्म म लडिरहेको थिएँ। महन्थ ठाकुरलगायत सबै शीर्ष नेताहरुलाई मैले आग्रह गरेको थिएँ कि फुट जोगाउनुस्। तर उहाँहरु मान्नुभएन।

**० तपाईं उपेन्द्र यादवको प्रलोभनमा परेर कित्ता परिवर्तन गर्नुभयो भन्ने आरोप छ त ?**

– यो महामिथ्या कुरो हो। पार्टीको आधिकारिकता, नीति, विचार, सिद्धान्त लगायत सबथोक उपेन्द्र यादवजीले अध्यक्षता गरिरहेकै पार्टीमा छ। यो पार्टीले नै भोलि वैकल्पिक शक्ति दिन सक्ने ल्याकत राख्दछ। महन्थ ठाकुर समूहसँग आधिकारिकता छैन। पार्टीको मूल त हामीसँग छ, पार्टीबाट कोही फुटेको छ।

**० तपाईं मधेशवादका प्रणेता स्व.गजेन्द्रनारयण सिंहको स्कूलिङ्गबाट राजनीति सुरु गर्नुभएको छ। तर उपेन्द्र यादवले त मधेशवाद नै होइन भन्नुहुन्छ नि ?**

– म गजेन्द्रबाबुको अनुयायी हुँ। मधेशको राजनीति गर्ने वा मधेशवादको वकालत गर्ने अधिकांश व्यक्तिहरु गजेन्द्रबाबुकै अनुयायी छन्। एउटै पार्टीमा पृथक-पृथक विचारहरु हुनु स्वाभाविक नै हो। तर मधेशवाद छ वा छैन भन्ने फरक विचारका कारण एउटै पार्टीमा बस्नै सकिँदैन भन्ने कुरा होइन।

**० उपेन्द्र यादव समूहले केपी ओलीलाई प्रतिगमनकारी भनिरहेको छ। अग्रगमन भनेर देउवालाई प्रधानमन्त्री बनाइयो। तर यो सरकारले के-के अग्रगमनकारी कामहरु गऱ्यो ?**

– कसैको मूल्यांकन ३०-३५ दिनमा गर्न सकिँदैन। प्रधानमन्त्री शेरबहादुर देउवा एउटा विशेष कालको प्रधानमन्त्री हुनुहुन्छ। उहाँले साझा न्यूनतम् कार्यक्रममा अलि बढी नै लेख्नुभएको छ तर उहाँको प्राथमिकता हामी सबैले हेरेका छौं। प्रतिनिधिसभाको बाँकी अवधिभर नेपाली जनताले एउटा स्थिर सरकारको परिकल्पना गरेको छ। यसभन्दा अधिका सरकारभन्दा बढी आशा देउवा सरकारबाट गरिएको पनि छैन। ओलीजीले जसरी देशलाई अस्थिर बनाइदिनुभएको थियो, त्यो अस्थिरताबाट स्थिरतातर्फ लैजाने प्रयासस्वरुप सर्वोच्च अदालतको विशेष फैसलाबाट यो सरकार बनेको हो।

**० तर यो सरकारले त राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याएर झन् अस्थिरता निम्त्यायो नि ?**

– यो अध्यादेश विशेष परिस्थितिको हो। ओलीलाई सत्ताच्यूत गर्ने काममा माधव नेपालजीको ठूलो भूमिका छ, उहाँलाई हामीले धन्यवाद दिनैपर्छ। माधव नेपालजीले पार्टीभन्दा माथि उठेर नसोचेको भए आज देश यो परिस्थितिमा हुने थिएन। निर्वाचनको नाममा लोकतन्त्रको हत्या भइसकेको थियो, जुन कहिले नहुने निर्वाचन थियो। माधव नेपालजीको राजनीति रक्षाका लागि हामीले यो विधेयक ल्याउन बाध्य नै भयौं।

**० यसबाट त तपाईंहरुको दल पनि विभाजन भयो नि ?**

– माधव नेपालजी नयाँ दल खोलिरहँदा पूर्वसन्ध्यामा ओलीजीले दलबाट हटाइयो भन्नेसम्मका दुस्प्रयास गर्नुभएको थियो। तर हामीलाई थाहा थियो कि यही विधेयकको ठूलो लाभ महन्थजीलाई पनि हुँदैछ। यो कुरा थाहा हुँदाहुँदै पनि जसपा नेपालले कसैमाथि कारबाही गरेन। आफै छोडेर जानेहरु गए। हामीले कसैलाई निस्केर जाउ भनेका छैनौं। यो सदासयतालाई महन्थ ठाकुरजीले याद राख्नुहोला।

**० अब तपाईंहरुको जसपा देउवा सरकारमा कहिले जान्छ ?**

– देउवाको सरकारमा हामी जाने भनेर पहिला नै निर्णय गरिसकेका छौं। अब छिट्टै नै हामी यो सरकारमा सहभागी हुन्छौं। कसको नेतृत्वमा सरकारमा जाने भन्ने कुराको अधिकार हाम्रा शीर्ष नेताहरु उपेन्द्र यादव, डा.बाबुराम भट्टराई र अशोक राईलाई दिइएको छ। उहाँहरुले नै निर्णय गर्नुहुन्छ कि कसको नेतृत्वमा सरकारमा जाने।

**० प्रदेश २ को सरकारसँग अहिले दुई तिहाइभन्दा बढी मत छ। प्रदेशको नामाकरण र राजधानी कहिले टुंगो लगाउने ?**

– यो अवस्था भर्खर आएको हो। अहिले प्रदेश २ मा विपक्षीरहित सरकार छ। भोलीका दिनमा जसपा लोकतान्त्रिक र केपी ओलीको एमालेले हामी विपक्षी छौं भन्लान्। अहिले हाम्रो सरकारसँग सहजै दुई तिहाइभन्दा बढी मत छ। अब हामीले प्राथमिकताका साथ टुंग्याउने भनेको प्रदेशको नामाकरण र राजधानी हो। राजधानी त करिब-करिब टुंगिएकै अवस्था हो।

**० यस्तो गोल्डेन अपर्चुनिटी पाएको अवस्थामा पनि प्रक्रिया सुरु भएको छैन नि ?**

– केही दिनपछि प्रदेशसभाको नयाँ अधिवेशन सुरु हुन्छ। आउँदो अधिवेशनको प्राथमिक कार्य नै नाम र राजधानी टुंगो लगाउने हो। विगतको दिनमा यो प्रयास प्रदेशसभाले गरेको थियो, तर अब त्यहाँको सरकारले नै प्रस्ताव दर्ता गराउनेछ। सो प्रस्ताव सहजै पारित हुनेछ।

**० प्रदेशको नामाकरण 'मधेश❑ नै हुन्छ ?**

– हाम्रो प्राथमिकता त्यही नै हो, हामीले भन्दै आएका छौं। तर मिलिजुली सरकार छ। हामीले आफ्नै अडान राखिरहनु भनेको आफ्नै गठबन्धनभित्र अविश्वासको अवस्था सिर्जना गर्नु हो। तर जसपा नेपालको माग, अडान र सैद्धान्तिकरुपमा उठाएको बहस प्रदेशको नाम 'मधेश' हो।

**० जसपा र माओवादीको प्रस्ताव मधेश नै हो तर कांग्रेसले अहिलेसम्म यसमा सहयोग गर्ने देखिएको छैन नि ?**

– कांग्रेस पनि मधेश प्रदेशमा सहमत हुन्छ। हामीबीच अनौपचारिक वार्तालापहरुमा उहाँहरु सहमत जस्तै देखिनुभएको छ। हिजोका दिनमा कांग्रेसले प्रस्ताव गरेको कुरा तुहिसक्यो। तसर्थ, अहिले पनि उहाँहरुको त्यहीं प्रस्ताव हो भन्न सकिँदैन। विगतमा कांग्रेसले प्रस्ताव गरेको नाम अवैज्ञानिक छ। छोटो, मीठो र ऐतिहासिकता बोकेको नाम भनेको मधेश नै हो। त्यसैले कांग्रेसले सहजरुपमा मधेशप्रति धारणा बनाउँछ। आउँदो दिनमा प्रदेश २ को नाम परिवर्तन भएर मधेश हुनेछ।

**० तर प्रदेशसभाको यही कार्यकालभित्र प्रदेश नामाकरण टुंगो लाग्छ भन्नेमा कतिपयले शंका व्यक्त गरिरहेका छन् नि ?**

– निश्चितरुपमा प्रदेशसभाले यही कार्यकालभित्र आफ्नो नामाकरण टुंगो लगाउँछ। यो कार्यकालभन्दा पनि आउँदो अधिवेशनमै नामाकरण टुंगो लाग्छ।

# देशभक्ति, सीमा सुरक्षा, नागरिकता र आत्मसम्मान सम्झौताका विषय होइनन् : डा.अहिराज





मिति : २०७८ भाद्र १ गते मंगलबार

आभार व्यक्त ।

डा.राजेश अहिराज


राष्ट्रपति भवन
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

राष्ट्रपति

मितिः २०७८ भदौ १

विषयः प्रदेश प्रमुख पदबाट पदमुक्त गरिएको ।

श्री राजेश झा,
रौतहट ।

नेपालको संविधानको धारा १६५ को उपधारा (१) को खण्ड (ख) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा तपाईंलाई नेपालको प्रदेश नं. २ को प्रदेश प्रमुख पदबाट पदमुक्त गरेको छु ।

तपाईंले हालसम्म प्रदेश प्रमुखको पदमा रही गर्नु भएको कामको लागि धन्यवाद छ ।

(विद्यादेवी भण्डारी)
राष्ट्रपति

- मैले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको तस्वीर राख्ने आँट गरें, किनकी मलाई एकतामा विश्वास छ।
- आमनागरिकको भूमि, भावना र भविष्यसँग जोडिनु र तिनका संरक्षणमा अभिभावकको भूमिका निर्वाह गर्नु प्रदेश प्रमुखको मुख्य भूमिका हुनुपर्छ।
- देशभक्ति, सीमा सुरक्षा, नागरिकता र आत्मसम्मान सम्झौताका विषय होइनन् भन्ने कुरामा कसैले द्विविधा राख्नु हुन्न।
- एकता त्यतिबेला मात्र मजबुत हुन सक्छ जतिबेला यस प्रदेशमा रहेका सबै जाति, भाषाभाषी, लिङ्ग, वर्ग र समुदायको प्रदेश सरकार र तिनका निकायहरूमा समानुपातिक र समावेशी तवरले अर्थपूर्ण सहभागिता रहन्छ।
- अमूल्य बलिदानीको जगमा निर्माण भएको संघीयताको अभ्यास गर्ने क्रममा नै हामीले समावेशिता र समानुपातिकताको मर्मलाई आत्मसात गर्न सक्दैनौं भने निश्चय नै ती वीर शहीदहरूप्रति अपमान र अन्याय हुन जान्छ।
- सवल, सुन्दर, समृद्ध र साझा प्रदेश निर्माणमा मेरो भूमिका सदैव रहिरहनेछ।

जनकपुरधाम। प्रदेश नं. २ को निवर्तमान प्रदेश प्रमुख डा.राजेश अहिराजले प्रदेशवासीको नाममा सम्बोधन गरी प्रदेश प्रमुखको कार्यालयबाट बिदा भएका छन्।

बुधबार बिहान प्रदेश प्रमुखको कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै प्रदेशवासीको नाममा सम्बोधन गरेका हुन्।

यस्तो छ सम्बोधन :

आदरणीय प्रदेशवासीहरू,

मिति २०७७।११।७ गते शुक्रबार



सम्माननीय राष्ट्रपतिज्यूबाट प्रदेश नं २ को प्रमुखमा नियुक्त भई मैले प्रदेश प्रमुखको रूपमा जिम्मेबारी सम्हालेको तथ्य यहाँहरूलाई विदितै छ। प्रदेश प्रमुखको कार्यभार सम्हालेपश्चात नै मैले संविधान र कानूनले दिएको जिम्मेवारीलाई गम्भरिताको साथ पालना गर्दै आएको छु। नियुक्ति भई यस प्रदेशको पावन भूमिमा पाइला राख्ने बेलामा मैले 'शिरमा देश र मनमा मधेश'लाई राखी कार्य गर्नेछु भनि सार्वजनिक रूपमा प्रतिबद्धता व्यक्त गरेको थिएँ। उक्त प्रतिबद्धतालाई मैले सदैव आत्मसात गरिरहने छु।

नेपालीहरू बीचको राष्ट्रिय एकता र



सद्भावबाट मात्र हामी नेपाली जातिको उन्नति, प्रगति र समृद्धि सम्भव छ भन्ने तथ्यमा म सदैव स्पष्ट रहीआएको छु। गौरवपूर्ण इतिहासलाई बिर्सेर वा यसप्रति घृणाभाव फैलाएर भविष्य उज्वल हुन सक्दैन र स्वाभिमान उठ्न सक्दैन भन्ने मेरो दृढ विश्वास रहिआएको छ। यसै विश्वासको जगमा उभिएर मैले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको तस्वीर प्रदेश प्रमुखको कार्यकक्षमा राखी कार्य प्रारम्भ गरेको थिएँ। मलाई थाहा थियो मेरो यो कार्य केही मानिसलाई मन पर्ने छैन भनेर, मलाई शंका थियो यही कारणले मलाई प्रतिगामीको बिल्ला भिराइन सक्छ भनेर तर पनि मैले त्यो आँट गरें, किनकी मलाई थाहा छ जतिसुकै बङ्ग्याउन खोजे पनि इतिहासलाई मेट्न सकिदैन। मुलुकको पछिल्लो राजनीतिक परिवर्तनलाई आत्मसात गर्नुको अर्थ हाम्रा पूर्वज र उनीहरूले रचेको गौरवपूर्ण इतिहासलाई बिर्सने वा त्यसप्रति घृणाभाव फैलाउनु भन्ने कदापि होइन। मैले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको तस्वीर राख्ने आँट गरें, किनकी मलाई एकतामा विश्वास छ। राजनीतिक लाभहानीको प्रतिस्पर्धामा समाजमा समभाव गुम्नु हुन्न। हाम्रो चेतना, विवेक र ज्ञानले समभावसहितको साझा र उत्तम प्रदेश बनाउने अभ्यासलाई निरन्तरता दिनुपर्छ।

प्रदेश प्रमुखको रूपमा रहँदा मैले आम नागरिकहरूसँग नजिकमा रहेर सत्संग गर्ने अवसर पाएँ। कहिले स्कुले भाइबहिनीहरूसँग कक्षा कोठामा छलफल गरे, कहिले खेतमा पसिना बगाइरहेका हाम्रा अन्नदाता श्रमजिवि किसानहरूसँग अन्तरक्रिया गरें। त्यस्तै कहिले सडक दुर्घटनामा परि घाइते भएका नागरिकहरूको उपचारका लागि तत्परता देखाएँ। मैले गरेका उपरोक्त कार्यहरू मानवता र संस्कारमा आधारित थियो। नागरिकहरूसँग प्रत्यक्ष संवाद गर्नका लागि गरिएका आत्मीय प्रयास थियो। राज्यको सार्वजनिक पदमा रहेका मानिसहरूले नागरिकसँग जति अन्तरक्रिया गर्छन्, जति सामिप्यतामा रहन्छन् त्यति नै लोकतन्त्र बलियो हुन्छ। सार्वजनिक पदमा रहनुको मतलब नागरिकबाट टाढिनु, जमिनभन्दा माथि बस्नु वा नागरिक सर्वोच्चतालाई अवमूल्यन गर्नु होइन भन्ने मेरो मान्यता रहिआएको छ। आमनागरिकको भूमि, भावना र भविष्यसँग जोडिनु र तिनका संरक्षणमा अभिभावकको भूमिका निर्वाह गर्नु प्रदेश प्रमुखको मुख्य भूमिका हुनुपर्छ। प्रदेशवासीहरूसँग गरिएका त्यस प्रकारका अन्तरक्रियाले मेरो भोगाई र बुझाइको दायरा निकै फराकिलो बनेको मैले महसुस गरेको छु। देशभक्ति, सीमा सुरक्षा, नागरिकता र आत्मसम्मान सम्झौताका विषय होइनन् भन्ने कुरामा कसैले द्विविधा राख्नु हुन्न।

प्रदेश प्रमुखको रूपमा कार्य गर्दा समावेशिता र समानुपातिकताको सिद्धान्त अवलम्वन गराउन मैले आफ्नो तर्फबाट सक्दो प्रयास गरेको छु। प्रदेश नं. २ को सामाजिक र जनसांख्यिक बनावट आफैमा विविधताले भरिपूर्ण छ। यस प्रदेशमा बहुसंख्यक रूपमा मधेशी समुदायको बसोबास रहेको भएतापनि थारू, मुस्लिम, मारवाडी, दलित, जनजाति तथा गैरमधेशी (पहाडी) समुदायको समेत उल्लेख्य रूपमा उपस्थिति रहेको छ। फेरि मधेशी समुदाय आफैभित्र पनि विविधता रहेको छ। यो विविधताभित्र एकता खोज्नु हाम्रो दायित्व हो। एकता त्यतिबेला मात्र मजबुत हुन सक्छ जतिबेला यस प्रदेशमा रहेका सबै जाति, भाषाभाषी, लिङ्ग, वर्ग र समुदायको प्रदेश सरकार र तिनका निकायहरूमा समानुपातिक र समावेशी तवरले अर्थपूर्ण सहभागिता रहन्छ। संघीयता र समावेशिता स्थापित गर्नका लागि यस प्रदेशका सयौं सपुतहरूले आफ्नो अमूल्य जीवनको बलिदानी दिएका छन्, हजारौ नागरिकहरू घाइते भएका र भौतिक क्षति व्यहोरेका छन्। कतिपय युवाहरू आज पनि गैरन्यायिक हिरासतमै छन्। तिनका परिवारका जीवनशैली पीडादायक छन्। ती अमूल्य बलिदानीको जगमा निर्माण भएको संघीयताको अभ्यास गर्ने क्रममा नै हामीले समावेशिता र समानुपातिकताको मर्मलाई आत्मसात गर्न सक्दैनौ भने निश्चय नै ती वीर शहीदहरूप्रति अपमान र अन्याय हुन जान्छ। संघीय व्यवस्था भनेको व्यक्तिगत स्वार्थ, निजी मनोरञ्जन, भागवण्डा, लाभ-घाटा र दलीयकरण होइन। अभाव, अपराध र अतिवादको चपेटाबाट प्रदेश ग्रस्त हुँदै गएको कुरा बिर्सनु हुन्न। यसै वास्तविकतालाई आत्मासात गरी प्रदेश नं. २ को हरेक निकाय र प्रक्रियामा समावेशी समानुपातिकताको सिद्धान्त अवलम्बन गर्नुपर्छ भन्ने मान्यतामा अडिग रही मैले प्रदेश नं. २ को मन्त्रिपरिषद्मा प्रदेशको विविधता झल्कनुपर्छ भनि स्मरणपत्र लेखेको थिएँ। प्रदेश सरकार साझा र सुन्दर देखिनुपर्छ भनि माननीय मुख्यमन्त्रीज्यूलाई पटक-पटक मौखिक तथा लिखित रूपमा स्मरण गराएको तथ्य समेत म सम्झिन्छु। मैले गरेको उक्त प्रयासले यस प्रदेशमा समावेशिता र समानुपातिकताको जग बसाल्न बल पुग्नुको साथै संघीयतालाई संस्थागत गर्न सहयोग पुग्यो भने पनि मलाई मैले गरेको कार्यले अर्थ राख्नेछ।



'पद' र 'शक्ति' सधैंका लागि कोहीसँग रहदैन। मुख्य कुरा देश र जनताका लागि कति योगदान गर्न सकियो भन्ने हो। मैले प्रदेश प्रमुखको रूपमा रहँदा प्रदेश र प्रदेशवासीका लागि केही न केही योगदान गर्न सके भन्ने लागेको छ। तथापी यसको मूल्यांकन गर्ने जिम्मा प्रदेशवासीको हो। प्रदेश प्रमुख पद कार्यकारी नभई सीमित भूमिका सहितको संवैधानिक पद हो। यद्यपी मैले उक्त भूमिकालाई 'निष्क्रिय' होइन 'रचनात्मक' बनाउन सक्दो प्रयास गरेको छु।

अन्त्यमा, मलाई प्रदेश प्रमुख जस्तो सम्मानित पदमा नियुक्त गर्नु हुने सम्माननीय राष्ट्रपतिज्यू, नियुक्तिका लागि सिफारिश गर्नुहुने तत्कालीन सम्माननीय प्रधानमन्त्रीज्यू तथा नेपाल सरकारप्रति म हार्दिक आभार र कृतज्ञता व्यक्त गर्दछु। साथै प्रदेश प्रमुखको रूपमा कार्य गर्दा सहयोग गर्नुहुने प्रदेश नं. २ का प्रदेश सरकार, प्रदेशसभा सदस्य, प्रदेश प्रमुख कार्यालयका सम्पूर्ण कर्मचारी, अन्य निजामती कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरू, सुरक्षाकर्मीहरू, नागरिक समाज तथा समस्त प्रदेशवासीहरूमा म हार्दिक धन्यवाद व्यक्त गर्दछु। सवल, सुन्दर, समृद्ध र साझा प्रदेश निर्माणमा मेरो भूमिका सदैव रहिरहनेछ। पदमुक्त भएपश्चात् पदीय हैसियतले प्राप्त हुने राज्यको कुनै सुविधा नलिने घोषणासमेत गर्दछु।

..............................

डा.राजेश अहिराज

मिति : २०७८।०५।०२

# जसपा नेपालको प्रथम केन्द्रीय समिति बैठकका निर्णयहरू




प्रस्ताव नं. २ (क) समसामयिक राजनीतिक परिस्थितिबारे प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रमहरु निम्नानुसार रहेका छन् ।
क्र.सं.
प्रदेश
प्रदेश नं. १, प्रदेश नं. २, लुम्बिनी प्रदेश, बागमति प्रदेश, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश
स्थान : विराटनगर, काठमाण्डौ, जनकपुर, भैरहवा, पोखरा, धनगढी
भाद्र ९, २०७८, भाद्र ११, २०७८, भाद्र १३, २०७८, भाद्र ९, २०७८, भाद्र ११, २०७८, भाद्र १३, २०७८

प्रस्तावनं. २ (ख) जनता समाजवादी पार्टी, नेपालको भाद्र १ र २ गते बसेको केन्द्रीय समितिको प्रथम बैठकमा प्रस्तुत र पारित समसामयिक राजनीतिक प्रस्तावहरु:

कोभिड- १९को नियन्त्रण, रोकथाम र नागरिकको जीवन रक्षासम्बन्धी :
कोभिड- १९ का कारण अहिले पनि देश त्रासपूर्ण अवस्थामा छ । तेश्रो लहरको संभावना बढेसँगै नागरिकहरु हरक्षणमा आतंकित छन् । देशमा संक्रमणदर सरदर २० प्रतिशत रहिरहनुले त्यो अवस्थालाई झन् प्रष्ट गरेको छ । कोभिड १९ नियन्त्रण र रोकथामका निम्ति सर्वसुलभ ढङ्गले आमनागरिकलाई परिक्षण गर्नुका साथै पर्याप्त खोप दिनु अनिवार्य बनेको छ । तर अहिले पनि परीक्षण निकै कम मात्रामा गरिनु र खोप दिने कार्यमा बिलम्ब हुनुले हाम्रो स्वास्थ्य प्रणाली चुस्त नभएको प्रष्ट हुन्छ । यो बैठक सबै नागरिकलाई यथासक्य छिटो खोप दिन र कोभिड १९ संक्रमणको निशुल्क परिक्षणलाई व्यापक बनाई नागरिकको जीवन रक्षा गर्न सरकारसँग जोडदार माग गर्दछ ।

साना तथा मझौला उद्यमि, व्यवसायीहरुको हकहितको रक्षासम्बन्धी
कोभिड १९ का कारण देशको अर्थतन्त्र कमजोर र शीथिल हुनपुगेको छ । विगतको लामो समयको बन्दावन्दीका कारणउद्योग, व्यापार व्यवसाय ठप्प भएको र यसको सबैभन्दा ठूलोमा र साना र मझौला उद्यमीहरुमाथि परेको छ । पर्यटन व्यवसायसमेत लामो बन्दाबन्दीका कारण संकटमा परेको छ । यसस्थितिमा यो बैठक विशेषगरी मझौला र साना उद्यमी, व्यवसायीहरुको व्यवसाय तथा कारोबारलाई लक्षित गरी ठोस राहत प्याकेजका कार्यक्रम ल्याउन नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

बाढी, पहिरो र डूवान समस्याको समाधानसम्बन्धी :
मनसूनी वर्षा प्रारम्भसँगै देशका विभिन्न भागहरुमा भएको बाढीपहिरोबाट सयौं जनताको दु:खद निधन भएको छ । कैयौं जनतालाई घाइते तुल्याउनुका साथै हजारौं घरगोठ र सार्वजनिक संरचनाहरुमाथि पुगेको छ । बाढी पहिरोबाट हजारौ जनता विस्थापितसमेत भएका छन् । हिमाली र पहाडी क्षेत्रमा बाढीपहिरो र तराई मधेशमा डुबानका कारण जनजीवन तहसनहस भएको स्थितिप्रति यो बैठकको गंभीररुपले ध्यानाकर्षण भएको छ । अत: बाढीपहिरो र डूवानबाट ज्यान गुमाउनेहरुप्रति यो बैठक हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दै घाइतेहरुको सिघ्र स्वास्थ्यलाभको कामना गर्दछ । साथै बाढी, पहिरो डुबानबाट प्रभावित व्यक्ति र परिवारलाई अविलम्ब राहत क्षतिपूर्ति र बसोबास उपलब्ध गराउन तथा क्षतिग्रस्त भौतिक संरचनाहरुको पुनर्निर्माणको कार्यक्रमलाई यथाशिघ संचालन गर्न जोडदार माग गर्दछ ।

बेपत्ता जयसिंह धामीका सम्बन्धमा :
तुईन चुडालेर महाकालीमा खसाली वेपत्ता बनाइएका दार्चुलाका जयसिंह धामीका विषयमा सम्पूर्ण यथार्थ बाहिर ल्याउन यो बैठक जोडदार माग गर्दछ । साथै भारत सरकारसँग कुटनीतिक वार्ता गरी जयसिंह धामीको शव पत्ता लगाई मृत्युमा संलग्न व्यक्तिहरुलाई कानूनी कारवाही गर्दै पीडित परिवारजनलाई पर्याप्त क्षतिपूर्ति दिलाउन नेपाल सरकारसँग जोडदार मागसमेत गर्दछ ।

सीमा खुला गर्न कुटनीतिक पहल गर्नेसम्बन्धी
कोभिड - १९ को संक्रमणलाई कारण देखाएर नेपाल-भारत सीमानाकाहरु बन्द गरिदा खासगरी सीमावर्ती क्षेत्रका बासिन्दाहरुलाई अत्यावश्यक काममा आवतजावत गर्नसमेत कठिनाईको सामना गर्नु परिरहेका सन्दर्भमा यो बैठक नेपाल सरकारले स्वास्थ सुरक्षा सावधानीसहित नेपाल भारत सीमानाका तत्काल खोल्नका लागि भारत सरकारसँग वार्ता र कुटनीतिक पहल गर्न जोडदार माग गर्दछ ।

शैक्षिक क्षेत्रको अस्तव्यस्तता र गुणस्तरको सुनिश्चिततासम्बन्धी :
अहिले देशको सम्पूर्ण शैक्षिक अवस्था अस्तव्यस्त भएको छ । परिणामस्वरूप लाखौं विद्यार्थीको भविष्य अनिश्चीत बन्न पुगेको छ । खासगरी सरकारी निकायबीच परस्पर समन्वय र एकीकृत नीतिको अभावमा परिक्षा हुने र नहुने परस्पर विपरीत सूचनाले विद्यार्थी, अभिभावक अन्योलमा परेको मात्र नभई पठनपाठन चाहेर पनि विद्यार्थीहरु भर्ना हुन नसक्ने अवस्था सृजना भएको छ । यसबाट शैक्षिक क्यालेण्डरसमेत अस्तव्यस्त हुन पुगेको छ । एकातिर इन्टरनेट, अनलाईनको सवैतिर पर्याप्त सुविधा र पहुँच नहुँदा त्यसको लाभ सीमितलाई प्राप्त भएको छ भने अर्कोतिर एस. ई.ई., कलेज र विश्वविद्यालय सबै तहमा यी माध्यमबाट भएका सिकाई एवम् मूल्याङकन प्रति पनि विद्यार्थी र अभिभावक सन्तुष्ट हुनसकेका छैनन् । शिक्षाको गुणस्तरप्रति नै यसले आशंका जन्माएको छ । बैठक यस किसिमका सबै शैक्षिक अस्तव्यस्तताको तुरुन्त अन्त्य गरी पठनपाठन र सिकाईको एकीकृत र भरपर्दो माध्यम तय गर्न तथा हास हुँदै गएको शैक्षिक गुणस्तरलाई कायम राख्न सरकारको गंभीर ध्यानाकर्षण गराउँछ ।

चिकित्सा शिक्षामा श्रृजित विकृतिको अन्त्यसम्बन्धी :
वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा महिनौदेखि चिकित्सक, विद्यार्थी र कर्मचारीहरु त्यहाँका पदाधिकारीको राजीनामाको माग गर्दै आन्दोलनरत छन् । वस्तुत: भ्रष्ट र दलिय संलग्नताका आधारमा पदाधिकारी नियुक्तिको परिणामस्वरुप नै उक्त प्रतिष्ठानमा अस्तव्यस्तता सृजना हुन पुगेको हो । हालै त्यसवारे सम्झौता भएपनि समस्या अझै जटिल रहेको प्रष्ट छ । भ्रष्टाचार र कमिसनका कारण नीजि मेडिकल कलेज र अस्पतालका स्वार्थका लागि वि.पी. कोइराला स्वास्थ विज्ञान प्रतिष्ठानलगायतका सार्वजनिक प्रतिष्ठान डुवाउने काम भएकाले यस्ता प्रतिष्ठानहरुलाई घाटा पुर्याई नीजि लाभलाई प्रश्रय दिनु घोर निन्दनीय छ । यसप्रकारका कार्य तुरुन्त रोकी स्वास्थ्य संस्था र उक्त प्रतिष्ठानहरुमा भएका सम्पूर्ण भ्रष्टाचार एवम् विकृतिको निष्पक्ष छानवीन गरी दोषीउपर कडा कारवाही गर्न र प्रतिष्ठानलाई सुचारु रुपमा संचालन गर्न यो बैठक जोडदार माग गर्दछ ।

झुट्ठा मुद्दा खारेजी र राजबन्दीहरुको रिहाईसम्बन्धी :
टिकापुर घटनामा झुट्ठा मुद्दामा फसाईएका हाम्रो पार्टी जसपा, नेपालका केन्द्रीय कार्यकारिणी सदस्य एवम् कैलाली जिल्लाबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने माननीय रेशमलाल चौधरी र मधेश जनविद्रोहका क्रममा गिरफ्तार गरी राखिएका कैयौं राजबन्दीहरुलाई अझै पनि थुनामुक्त नगरिनु अत्यन्त दु:खद कुरा हो । यो बैठक केन्द्रीय कार्यकारिणी समिति सदस्य एवम् मा. रेशम लाल चौधरी तथा मधेश जनविद्रोहका कमका सहभागिहरु विरुद्ध लगाइएका सम्पूर्ण झुट्ठा मुद्दाहरुको खारेजी र वहाँहरुको ससम्मान रिहाईका लागि जोडदार माग गर्दछ ।

ब्रिटिश गोर्खा भूपू शैनिकहरुको आमरण अनशनसम्बन्धी :
समान पेन्शनलगायतका माग राख्दै प्रधानमन्त्री कार्यालय अगाडी लण्डनमा आमरण अनशनमा बसेका ब्रिटिश गोर्खा भूपू शैनिकहरुको संघर्षप्रति यो बैठक हार्दिक ऐक्यवद्धता प्रकट गर्दछ । ब्रिटिश सरकारका निम्ति आफ्नो अमूल्य जीवन अर्पण गरेका उनीहरुप्रतिको विभेद कुनै हालतमा स्वीकार्य हुनसक्दैन । अत: यो बैठक ब्रिटिश गोर्खा भूपूशैनिकहरुले उठाएका उक्त मागहरु वार्ताद्वारा पूरा गरी समस्याको निकाश दिन र यसबारे कुटनैतिक माध्यमबाट पहल गर्न नेपाल सरकारसंग जोडदार माग गर्दछ ।

महिलामाथिका हिंसा, बलात्कार र हत्यामा कडा सजायसम्बन्धी :
महिला हिंसा तथा बलात्कारपछि बालिकाहरुको विभत्स हत्यालगायतका अपराधहरु देशमा बढी रहेका यस्ता कुर अपराध नियन्त्रण र रोकथाम गर्ने काममा सुरक्षा निकायको सक्रियता थप बढ्नु आवश्यक छ । यसका साथै यस्ता कुर अपारध गर्ने अपराधीहरुका कुकृत्यको बढाई चढाई समाचार आउनु तर उनीहरुलाई हदैसम्मको कठोर सजाय गरेका समाचार नआउनुले यस्ता अपराधीहरुको मनोबल बढीरहेको प्रतित हुन्छ । यो बैठक सुरक्षा सक्रियता बढाई बलात्कार तथा हत्यामा संलग्न अपाराधीहरुलाई कडा कारवाही गर्न माग गर्दै उक्त कारवाहीका समाचार प्रकाशमा ल्याउने व्यवस्था गर्न सरकारसँग जोडदार माग गर्दछ ।

आरक्षणसम्बन्धी व्यवस्थाको संकुचन हुनु नहुने सम्बन्धी :
विगतका जनआन्दोलन, जनयुद्ध र मधेश जनविद्रोहको परिणामस्वरुप उत्पीडित वर्गको हकअधिकारको संवैधानिक सुनश्चितता र समानुपातिक समावेशी सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उद्देश्यबाट आरक्षणको व्यवस्था गरीआएको सर्वविदितै छ । आरक्षणको व्यवस्थाले वर्गीय मात्र नभई जातीय, क्षेत्रीय, सामाजिक-सांस्कृतिक, लैङ्गिक र आर्थिक दृष्टिले पछाडी पारिएका (अन्य पिछड़ा वर्गसमेतलाई समेटेको स्थितिमा हाल आरक्षणलाई संकूचन गरी समानुपातिक समावेशी सिद्धान्तलाई खल्बल्याई संविधानको मर्ममाथि प्रहार गर्ने कार्य विभिन्न कोणबाट गरिएको छ । यो बैठक यस किसिमका सबै कार्यको जोडदार विरोध गर्दछ र संवैधानिक स्प्रीटअनुसार आरक्षणको प्रावधानलाई निरन्तरता दिने मागसमेत गर्दछ ।

(१२) बढ्दो महंगी नियन्त्रणसम्बन्धी :
दैनिक प्रयोग हुने खाद्यान्न, दाल, खानेतेल र पेट्रोलियम पदार्थको मूल्य अस्वभाविकरुपले बढिरहेकाले उपभोक्ताहरु ठूलो मारमा परेका छन् । यो बैठक आवश्यक उपभोग्यवस्तुको मूल्य वृद्धि अनुगमन गरी कालाबजारीया र कमिसनखोरहरुलाई कडाभन्दा कडा सजाय दिन सरकारसँग जोडदार माग गर्दछ ।

प्रस्ताव नं. २ (ग) सरकारमा सहभागिता सम्बन्धमा।
लामो संघर्षपश्चात ओली नेतृत्वको प्रतिगामी सरकारको अन्त्य भई अहिले नेपाली कांग्रेसका सभापति श्री शेरबहादुर देउवाज्यूको नेतृत्वमा गठबन्धन सरकार बनेको छ । असंवैधानिक अलोकतान्त्रिक र प्रतिगमनकारी कदमविरुद्धको संघर्षको जगमा विद्यमान सरकार बनेको र हाम्रो पार्टी जसपा, नेपाल उक्त संघर्षको सहयात्री पार्टी भएकाले वर्तमान सरकारलाई समर्थन गर्दै लोकतन्त्र र राष्ट्रियताको संरक्षण तथा देशको समृद्धि र समग्र विकासमा योगदान दिन हाम्रो पार्टी विद्यमान सरकारमा सम्मानजनक ढङ्गले सहभागि हुने प्रतिवद्धता यो बैठक पुन: व्यक्त गर्दछ ।

प्रस्ताव नं. २ (घ) : पार्टी संगठन सुदृढीकरण तथा जनजागरण अभियान र अभिमुखीकरणसम्बन्धी कार्यमहरुको परिचालन, समन्वय, अनुगमन, मूल्याङ्कन, निरीक्षण, अवलोकन, अभिलेखीकरण गर्नेलगायतका आवश्यक कार्य गर्न पार्टीका वरिष्ठ नेता अशोक कुमार राईको संयोजकत्वमा रेणू कुमारी यादव, रामसहाय प्रसाद यादव, गंगा नारायण श्रेष्ठ, डम्मरु बल्लभ खतिवडा, प्रकाश अधिकारी र रमेश यादव सदस्य रहने गरी ७ सदस्यीय सचिवालय गठन गर्ने निर्णय गरियो ।

## संक्षिप्त समाचार

### कक्षा ८ देखि १२ सम्मको पढाइ सुरू

वीरगन्ज । कोरोना महामारीका कारण लामो समयदेखि बन्द रहेको वीरगन्ज महानगरपालिकाका विद्यालयमा भौतिकरुपमा पठन-पाठन आइतबारदेखि सञ्चालनमा आएको छ । आइतबारबाट ८ देखि १२ सम्मका कक्षा विद्यार्थीको भौतिक उपस्थितिमा सञ्चालनमा ल्याइएको हो । पहिलो दिन ५० प्रतिशत विद्यार्थीलाई विद्यालयमा उपस्थित गराएर पठन-पाठन गराइएको हो । निजी विद्यालय र केही सामुदायिक विद्यालयहरुले माथिल्लो कक्षालाई अनलाइन प्रविधि मार्फत पठनपाठन गराउँदै आएका भए पनि सामुदायिक विद्यालयका अधिकांश विद्यार्थी पढ्नबाट वञ्चित थिए । वीरगञ्ज महानगरपालिकाले साउन २७ गते सरोकारवालासँग छलफल गरेपछि दोस्रोपटक विद्यार्थीको भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने भनी सूचना जारी गरेको थियो ।

### १ थान पेस्तोल सहित ३ जना पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-१५ ब्रह्मचोकबाट १ थान पेस्तोल सहित ३ जानलाई बिहीबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही महानगरपालिका-१२ ठेगाना भएका ३५ वर्षीय अनिल साह, सुनसरी धरान उपमहानगरपालिका-१५ ठेगाना भएका ३२ वर्षीय रवि पौडेल र पर्सा पकाहामैनपुर गाउँपालिका-७ ठेगाना भएका ४० वर्षीय विजय कुमार पटेल रहेका छन् । सोही ठाउँस्थित एक होटलमा ३ जना व्यक्तिहरु सानो हतियार बेचविखन गर्ने उद्देश्यले बसिरहेका छन् भन्ने सूचनाको आधारमा २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुर र जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनीहरुलाई तलासी गर्दा उक्त पेस्तोल फेला पारी पक्राउ गरेको हो । उनीहरु उपर हातहतियार सम्बन्धी कसूरमा अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### रेड पाण्डाको छालासहित ३ जना पक्राउ

कपिलवस्तु । वाणगंगा नगरपालिका-४ सिद्धिपुरस्थित बराल होटल रेष्टुरेन्ट एण्ड लजको कोठा नम्बर १०४ बाट २ थान रेड पाण्डाको छाला र १ थान रेड पाण्डाको पुछर सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । बिहीबार साँझ पक्राउ पर्नेहरुमा झापा बिर्तामोड नगरपालिका-५ बस्ने २९ वर्षीय खगेन्द्र पुरी, सोही ठाउँ बस्ने ३२ वर्षीय आशिष जोगी र २६ वर्षीय सौरब राजवंशी रहेका छन् । उक्त लजमा रेडपाण्डाको छाला कारोबार भइरहेको भन्ने सूचनाको आधारमा लुम्बिनी प्रदेश प्रहरी अनुसन्धान समूह र जिल्ला प्रहरी कार्यालय कपिलवस्तुबाट खटिएको प्रहरीले होटेल तलासी गर्ने क्रममा उक्त छाला र पुछर सहित फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले कपिलवस्तुले जनाएको छ ।

### ब्राउनसुगरसहित दुई जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट ६ ग्राम ५ सय मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने धुलो पदार्थ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । बिहीबार साँझ पक्राउ पर्नेहरुमा दाङ तुलसीपुर उपमहानगरपालिका-५ तुलसीपुर बजार बस्ने २६ वर्षीय जेनिस वली र सोही ठाउँ बस्ने २३ वर्षीय बिजय चौधरी रहेका छन् । भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरुलाई लागूऔषध नियन्त्रण व्यूरो नेपालगंज र ईलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### प्रतिबन्धित भारतीय नोटसहित १ जना पक्राउ

रौतहट । गौर नगरपालिका-५ मेनचौकबाट प्रतिबन्धित २ हजार दरका ६९ थान गरी जम्मा १ लाख ३८ हजार भारतीय रुपैयाँ सहित भारत विहार दरभंगा कम्तौल बस्ने ४० वर्षीय सन्जित साहलाई प्रहरीले पक्राउ गरेको छ । आइतबार राति भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त प्रतिबन्धित भारतीय नोट सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

### ब्राउनसुगर सहित २ जना पक्राउ

मोरङ । बेलबारी नगरपालिकाका विभिन्न स्थानबाट अवैध लागूऔषध ब्राउनसुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । शुक्रबार साँझ पक्राउ पर्नेमा झापा बुद्धशान्ति गाउँपालिका-५ घर भएका ३४ वर्षीय खेम मगर र झापा मेचीनगर नगरपालिका-३ घर भएका ३९ वर्षीय लोकबन्धु दर्नाल रहेका छन् । ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरी टोलीले बेलबारी नगरपालिका १० स्थित लक्ष्मीमार्गबाट मगरलाई १ ग्राम ६७ मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित पक्राउ गरेको थियो । थप अनुसन्धानको क्रममा उनले उक्त लागूऔषध लोकबन्धु दर्नालबाट खरिद गरेको भन्ने खुल्नआएपछि दर्नाललाई बेलबारी नगरपालिका- ३ पशुहटियाबाट ९ ग्राम ९३ मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित पक्राउ गरेको हो ।

### करेन्ट लागेर एक युवकको मृत्यु

रुपन्देही । तिलोत्तमा नगरपालिका-६ कुञ्जलापुर बस्ने मन बहादुर आलेको घरमा पंखा झुण्ड्याउन भित्तामा ड्रिल मेसिन प्रयोग गर्दा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ । सोही नगरपालिका-१ बस्ने ३० वर्षीय खुसीराम थारुको शुक्रबार दिउँसो मृत्यु भएको छ । करेन्ट लागेर गम्भीर घाइते भएका उनको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको हो ।

### खोलामा डुबेर एक बालकको मृत्यु

मोरङ । जहदा गाउँपालिका-३ जयरामपुर बस्ने रबिया ऋषिदेवको छोरा १० वर्षीय गोलु ऋषिदेवको खोलामा डुबेर मृत्यु भएको छ । सोही ठाउँस्थित खद्रा खोलामा डुबेर शुक्रबार दिउँसो मृत्यु भएको छ । पौडी खेल्ने क्रममा डुबेर गम्भीर घाइते भएका उनको कोशी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

### ब्राउनसुगरसहित एक जना पक्राउ

मोरङ । बिराटनगर महानगरपालिका-१२ मङलबारेबाट करिब ४ ग्राम ५ मिलिग्राम अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने पाउडरको धुलो सहित एक जना पक्राउ परेका छन् । केराबारी गाउँपालिका डागी बस्ने २३ वर्षीय सागर तामाङलाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । भारतबाट नेपालतर्फ आउँदै गरेको उनलाई प्रहरी चौकी बखरीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त धुलो सहित फेला पारी पक्राउ गरेको हो ।

### स्रोत नखुलेको नगदसहित दुई जना पक्राउ

रुपन्देही । लुम्बिनी साँस्कृतिक नगरपालिका-४ महुवारी कालीदहबाट स्रोत नखुलेको नगद १० लाख रुपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । शनिबार बिहान पक्राउ पर्नेहरुमा सोही नगरपालिका-१३ वडबलिया बस्ने २० वर्षीय बिण्णु यादव र सोही ठाउँ बस्ने १९ वर्षीय अनवर मुसलमान रहेका छन् । लु.४३ प २६५० नम्बरको मोटरसाइकललाई ईलाका प्रहरी कार्यालय लुम्बिनीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त नगद सहित फेलापारी मोटरसाइकल चालक यादव र मोटरसाइकलमा सवार मुसलमानलाई पक्राउ गरेको हो ।

### स्कुटर दुर्घटनामा एकको मृत्यु

कैलाली । लम्कीचुहा नगरपालिका-६ पिपरकोटी चोकमा सुदूरपश्चिम प्रदेश ०१-००८ प १७८० नम्बरको स्कुटर अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । शनिबार राति दुर्घटना हुँदा स्कुटर चालक सोही ठाउँ बस्ने १८ वर्षीय गोपाल चौधरीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मालिका अस्पताल हुँदै लम्कीचुहा अस्पतालमा थप उपचारको क्रममा मृत्यु भएको हो ।

### कारको ठक्करबाट एक जनाको मृत्यु

जनकपुरधाम । महोत्तरीको गौशालामा आइतबार साँझ कारले ठक्कर दिँदा एक जनाको घटनास्थलमै मृत्यु भएको छ । इलाका प्रहरी कार्यालय गौशालाले दिएको जानकारीअनुसार गौशाला नगरपालिका-१ रामनगरमा बा६च ४६१७ नम्बरको कारले भैंसी चराएर आउँदै गर्दा स्थानीय ५० वर्षीय रामपुकार महतोलाई ठक्कर दिँदा उनको घटनास्थलमै मृत्यु भएको हो । घटनापश्चात आक्रोशित स्थानीयहरूको भीडले गाडीमा आगजनी गरेको छ आ भीड नियन्त्रण गर्न प्रहरीले हवाई फाइरिङ गरेका छन् । ठक्कर दिने गाडी बर्दिबासस्थित अमरपाली जुस कम्पनीको रहेको प्रहरीले बताएको छ । गाडी चालक गौशाला नपा-१० लक्ष्मीनिया बस्ने २१ वर्षीय सुदीप मगर रहेका र उनलाई इलाका प्रहरी कार्यालय गौशालाले पक्राउ गरेको छ ।

### सहकारी संस्था लिमिटेडमा आगजनी

बाँके । खजुरा गाउँपालिका-३ खजुरा बजारस्थित बागेश्वरी बहुउद्देश्यीय कृषि बजार सहकारी संस्था लिमिटेड कार्यालयको कोठामा आगजनी भएको छ । सोमबार आगजनी हुँदा संस्थाको सम्पूर्ण कागजपत्रहरु, २ थान कम्प्युटर, १ थान ल्यापटप लगायत अन्य सामान जलेर करिब ५ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । अपरिचित व्यक्तिहरुले उक्त कार्यालय कोठामा आगजनी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय धनौलीबाट खटिएको प्रहरीले आगजनीमा संलग्न हाल फरार व्यक्तिहरुको खोजी गरिरहेको छ ।

### बेवारीसे अवस्थामा रहेको चाँदी बरामद

कैलाली । कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका ९ गौरीकटानस्थित सीमा ईलाकाबाट सशस्त्र प्रहरीले करीव १ लाख ५० हजार रुपैयाँ बराबरको एक सय २० तोला चाँदी बरामद गरेको छ । बेवारिसे अवस्थामा रहेको उक्त चाँदी सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट बग्राकटानबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो ।


- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com

## विश्व परिवेश

# भारतीय रक्षा उत्पादनहरू वैश्विकस्तर र लागत प्रभावी

बुधबार रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्ति अनुसार अगस्ट १७ तारिखमा भारत र मलेसिया बीच " वैश्विक पहुँच र सहकार्य साझेदारी का लागि भारतीय रक्षा उद्योग" विषयक एक वेबिनार आयोजना गरिएको छ।
यो वेबिनार रक्षा उत्पादन विभाग, भारतीय रक्षा उत्पादक समाज ( एसआईडिएम) को माध्यम बाट रक्षा मन्त्रालय को तत्वावधान अन्तर्गत आयोजित गरीएको थियो।
यो वेबिनार रक्षा निर्यात बढाउन र सन् २०२५ सम्ममा ५ अर्ब अमेरिकी डलरको रक्षा निर्यात लक्ष्य हासिल गर्नको लागी मैत्रीपूर्ण विदेशी देशहरु संग संगठित वेबिनार को श्रृंखला को एक हिस्सा थियो।
संयुक्त सचिव, रक्षा उद्योग उत्पादन ( डीआईपी), रक्षा मंत्रालय अनुराग बाजपेयी र दुबै देशका अन्य वरिष्ठ अधिकारीहरु यस वेबिनार मा उपस्थित थिए।
संयुक्त सचिव (डीआईपी) ले आफ्नो सम्बोधनमा भारतीय रक्षा उत्पादनहरु वैश्विक स्तर र धेरै लागत प्रभावी रहेको औंल्याएका थिए।
उनले भारतसँग विश्वस्तरीय सार्वजनिक र निजी जहाज निर्माण कम्पनीहरु को एक पारिस्थितिकी तंत्र र एक मजबूत जहाज निर्माण उद्योग रहेको पनि बताएका थिए।
भारत हाल विमान मरम्मत, निर्माण र अन्य क्रियाकलाप को केन्द्र बन्दै गएको र दुबै देशहरु यस क्षेत्र मा सहकार्य गर्न सक्ने पनि उनले बताउनुभयो। यस वेबिनार मा एसआईडिएम र केपिएमजी द्वारा तयार एक ज्ञान पत्र पनि जारी गरीएको थियो।
भारत इलेक्ट्रोनिक्स लिमिटेड, हिन्दुस्तान एरोना'टिक्स लिमिटेड, गार्डन रीच शिपबिल्डर्स र ईन्जिनियर्स, एल एण्ड टी रक्षा र भारत फोर्ज लिमिटेड सहित नौ भारतीय कम्पनीहरुले प्रमुख रक्षा मञ्च र उत्पादनहरुमा प्रस्तुति दिएका थिए।
मलेशियन पक्ष बाट एयरोस्पेस प्रविधि प्रणाली निगम, एएमपि निगम, डेफटेक मानवरहित प्रणाली र इनोपिक एसडिएन बिएचडी कम्पनीले प्रस्तुति दिएका थिए।
वेबिनारमा १ सय ५० भन्दा धेरै प्रतिनिधिहरु सहभागी भएका थिए। १०० भन्दा बढी भर्चुअल प्रदर्शनी स्टलहरु स्थापित गरीएको थियो।

# भारतीय प्रधानमन्त्री मोदी र इजरायली प्रधानमन्त्रीबीच कुराकानी

प्रधानमन्त्री नरेन्द्र मोदी र उनका इजरायली समकक्षी नाफ्ताली बेनेट बीच कुराकानी भएको छ। दुवै नेतृत्व अत्याधुनिक प्रविधि र आविष्कार जस्ता महत्वपूर्ण क्षेत्र मा सहयोग विस्तार गर्न सहमत भएका छन्।
सोमबार दुवै नेतृत्व बीच टेलिफोन सम्वाद भएको थियो। त्यसैक्रममा दुवै नेताले यस सम्बन्धमा ठोस कदम चाल्ने निर्णय गर्नुभएका थिए।
भारत-इजरायल रणनीतिक साझेदारीलाई अझ समृद्ध बनाउन दुई देशका विदेश मन्त्रालय मिलेर काम गर्ने निर्णय लिइएको थियो।
नेताहरुले पछिल्लो समय द्विपक्षीय सम्बन्धमा उल्लेखनीय सुधार भएकोमा सन्तुष्टि व्यक्त गर्नुभएका थिए।
विज्ञप्ति अनुसार प्रधानमन्त्री मोदीले भारत र इजरायल बीच कृषि, रक्षा, सुरक्षा र साइबर सुरक्षा जस्ता क्षेत्रमा बलियो सहयोग रहेको मा सन्तुष्टि व्यक्त गर्नुभएको थियो।
अर्को वर्ष भारत र इजरायल बीच कूटनीतिक सम्बन्ध स्थापित भएको ३० वर्ष पूरा हुनेछ। त्यसै अवसरमा प्रधानमन्त्री मोदीले प्रधानमन्त्री बेनेटलाई भारत भ्रमणको निम्तो दिनुभएको छ।
प्रधानमन्त्री मोदीले यस बर्षको शुरूमा इजरायली प्रधानमन्त्रीको रुपमा पदभार ग्रहण गर्नुभएकोमा बेनेटलाई बधाई दिनुभएको छ।
भारतीय प्रधानमन्त्रीले बेनेट र इजरायली जनतालाई यहूदी चाड रोश हशनाह को लागी बधाई र शुभकामना व्यक्त गर्नुभएको छ।

# विश्वमा भारतको सही स्थान स्थापना हुनेछः विदेश सचिव श्रृंगला

देशमा भारतीय युवाहरुको शक्ति को कसरी उपयोग हुन्छ, त्यसमाथि निर्भर भएर विश्वमा भारतको सही स्थान स्थापना हुने विदेश सचिव हर्षवर्धन श्रृंगलाले बताएका छन्।
विदेश मन्त्रालयमा विदेश सचिव हर्षवर्धन श्रृंगलाले मन्त्रालयले युवाहरुलाई राष्ट्र को विदेश नीति निर्माण प्रक्रिया मा योगदान दिलाउन चाँडै नै एक पहल सुरु गर्ने पनि बताउनुभएको छ। हिजो अगस्ट १५ तारिखमा आयोजित अब्जरभर रिसर्च फाउन्डेसनको "विदेश नीति सर्वेक्षण २०२१" मा बोल्दै विदेश सचिव लेयसो भनेका हुन्
विदेश मन्त्रालय ले विश्वविद्यालयका विधार्थी, बुद्धिजीवी लाई संलग्न गराइ विदेश नीति मामिलाहरुमा अनुसन्धान गराउन चाहन्छ र नीति निर्माण मा तिनका विशेषज्ञता को प्रयोग गर्न चाहन्छ।
नियमित तरिकामा अन्तराष्ट्रिय समेलन, सभा र गोष्ठी को आयोजना का लागि विदेश मन्त्रालय ले सँधै विश्वविद्यालय र बुद्धिजीवी को सहयोग गरेको छ।
सन् २०१५ देखि विदेश मन्त्रालयले केहि विशिष्ट क्षेत्रहरुमा विशेषज्ञहरु सँग मिलेर कार्य गर्दै आएको छ।
विदेश सचिव का अनुसार मन्त्रालयले इंटर्नशिप कार्यक्रममा सुधार गरेको छ। यसै सन्दर्भमा उनले भने, " हामीले लैंगिक विभेद नगरी देशका प्रत्येक राज्य र केन्द्र शासित प्रदेशबाट सहभागिता सुनिश्चित गर्ने एउटा प्रक्रिया बनाएका छौं।" "चयन गरिएका ईन्टरनहरु लाई उपयुक्त सल्लाह र मार्गदर्शन सहित विदेश मामिला मा आफ्नो रुचि भएको क्षेत्र मा काम गर्ने अवसर प्रदान गरिनेछ। कार्यक्रमको उद्देश्य मन्त्रालयको कामकाज, कूटनीति आचरण र परराष्ट्र नीति मा युवा संलग्नता बढाउनु हो।"
उनका अनुसार विदेश मन्त्रालयको 'समिप' पहल को माध्यम बाट युवा विदेश सेवा अधिकारीहरु आफ्ना शैक्षिक संस्थाहरु संग पुन: जोडिन सक्छन्। त्यहाँ का विद्यार्थीहरु संग आफ्ना अनुभव साझा गर्न सक्छन्।
विदेश सचिव का अनुसार मन्त्रालयले रणनीतिक तहमा सबै समुदायलाई पनि संलग्न गराएको छ।
" मैले बुद्धिजीवी, विश्वविद्यालय, शैक्षिक संस्था, सार्वजनिक मञ्च र उद्योग संघहरु द्वारा आयोजित विभिन्न कार्यक्रमहरुमा भारतको विदेश नीति को रूपरेखा को बारे मा व्यापक रुपमा बोलेको छु।"
भारतलाई अन्तर्राष्ट्रिय शिक्षाको केन्द्र बनाउने प्रधानमन्त्रीको सपना साकार गर्न भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आईसिसिआर) ले हरेक वर्ष विदेशी विद्यार्थीहरुलाई ३ हजार भन्दा बढी छात्रवृत्ति प्रदान गर्दै आएको छ। उनले भने, "आईसीसीआरले विभिन्न विदेशी विश्वविद्यालयहरुमा बिभिन्न भारतीय अध्यक्षहरु स्थापित गरेको छ। प्रमुख भारतीय संस्थाहरुमा छिमेकी देशहरु का अध्यक्षहरु स्थापित गर्ने प्रक्रियामा पनि छ।" – इण्डिया न्यूज नेटवर्क

## निर्माण गतिविधिले बिस्तारै गति लिदै छः आरबीआई

कोविड संक्रमण घट्दै गएपछि र खोप अभियान द्रुत बन्दै गएपछि भारतको उत्पादन गतिविधि बिस्तारै बढ्दै गएको भारतीय रिजर्व बैंकले संकेत दिएको छ। अर्थतन्त्रले फेरि गति पकडेको बताउँदै केन्द्रीय बैंकले आफ्नो आर्थिक प्रतिवेदन मा भनेको छ, " कोविड को दोस्रो लहरको प्रभाव कम हुँदै गएपछि अर्थव्यवस्था मा सुधार हुँदै आएको छ।" आरबिआई ले आफ्नो २०२१ अगस्ट महिनाको प्रतिवेदन मा भनेजो छ, " कुल मागमा वृद्धि भएको छ, मनसुन पनि सामान्य बन्दै गएको छ जसको कारण आपूर्ति स्थितिमा सुधार भएको छ र रोप्ने गतिविधि पनि बढ्दै गएको छ।" सौम्य र उपलब्धिमूलक स्थिति का लागि सहज तरलताले प्रेरित आर्थिक स्थिति को आवश्यक रहेको बैंकले बताएको छ। " कोविड दोस्रो लहर कम हुँदै गएपछि समग्र माग मा वृद्धि भएको छ। विगत चार महिनामा इ-मार्ग बिल संग्रह उच्च स्तरमा पुगेको छ।"
प्रतिवेदन बमोजिम भारतले महामारी को पहिलो लहर भन्दा दोस्रो लहरमा निकै जागरुकता देखाएको थियो। त्यसकारण पनि भारतीय अर्थव्यवस्थामा कोविड को पहिलो लहर पछि भन्दा दोस्रो लहर पछि व्यापक सुधार आएको छ।
" हालसम्म १४ सय २७ गैर वित्तीय कम्पनीहरूले आफ्नो आय परिणाम घोषणा गरेका छन्। यो भारतको सबै सुचीबद्ध गैर वित्तीय कम्पनीहरुको पूँजीकरणको ८६.८ प्रतिशत हिस्सा हो।"

## भारतले श्रीलंकालाई ३५ टन अक्सिजन उपलब्ध गराउने

कोविड १९ विरुद्ध लड्न भारतले श्रीलंकालाई ३५ टन अक्सिजन उपलब्ध गराउने भएको छ। मंगलबार श्रीलंकाली नौसेना जहाज शक्ति चेन्नइको बन्दरगाह को लागि प्रस्थान गरेको छ। यसले भारतबाट चिकित्सा अ'क्सीजन श्रीलंका पुगाउने छ।
श्रीलंकाली नौसेना (एसएलएन) को एक बयान अनुसार श्रीलंकाली नौसेना (एसएलएन) जहाज ले त्रिन्कोमाली बन्दरगाह बाट आफ्नो यात्रा को सुरुवात गरेको छ।
देशमा चिकित्सा अक्सिजन ढुवानी गर्दा बन्दरगाहमा हुन सक्ने ढिलाइ रोक्नका लागी श्रीलंकाका राष्ट्रपति गोटाबाया राजापाक्षेले नौसेना कमाण्डरलाई आवश्यक व्यवस्था गर्न निर्देशन दिनुभएको छ। कोविड १९ संक्रमित विरामी का उपचार का निम्ति आवश्यक चिकित्सा अ'क्सीजन को स्टक रखरखाव गर्न को लागि यो पहलको सुरुवात गरिएको हो। चेन्नई बन्दरगाह अधिकारीहरुका अनुसार ३५ टन अक्सिजन बोकेका अक्सिजन ट्यांकर श्रीलंका नौसेना जहाज (एसएलएनएस) शक्तिमा लोड गरिनेछ। यो जहाज बुधबार साँझ भारत आइपुग्ने छ। र बिहिबार आफ्नो देशको लागि प्रस्थान गर्नेछ। बिहिबार सम्म मा श्रीलंकामा ३ लाख ६९ हजार भन्दा बढी संक्रमित विरामी थपिएका छन्। साथै ६ हजार ६ सय ४ जना संक्रमित विरामी को मृत्यु भइसकेको छ।




## प्रदेश २ को प्रदेशसभा बैठक अन्योलमा

जनकपुरधाम । प्रदेश २ प्रदेशसभाको कहिले बस्ने टुंगो लागेको छैन । पछिल्लो एक महिना यता बैठक बस्न सकेको छैन । यसअघि असारमा कोरोना महामारीको कारण प्रदेशसभा बैठक पटक पटक स्थगित भएको थियो ।
बजेट पारित गरेपछि प्रदेशसभा बैठक असार २९ गतेपछि छैटौं अधिवेशन समाप्त भएको थियो । अर्को अधिवेशन नबोलाउँदा विषयगत समितिका काम-कारबाही र १३ वटा विधेयक प्रदेशसभामा अलपत्र छ । प्रदेशसभाको कार्यकाल चार वर्ष बित्नै लाग्दा लेखा समितिको सभापतिसहित तीन विषयगत संसदीय समितिको सभापति चयन हुन सकेको छैन ।
प्रदेशसभा बैठक नियमित नहुँदा सार्वजनिक लेखा समिति, प्राकृतिक स्रोत तथा वातावरण समिति र कृषि तथा भूमि व्यवस्थापन समितिको सभापति चयन हुन नसकेको हो । लेखा समिति सुरुदेखि नै नेतृत्वविहीन छ / भने प्राकृतिक स्रोत तथा वातावरण समितिको सभापति रहेका माओवादी केन्द्रले प्रदेश सांसद रामचन्द्र मण्डललाई कारबाही गरी निलम्बन गरेको र कृषि तथा भूमि व्यवस्थापन समितिका सभापति रहेका नेपाली कांग्रेसका सांसद वीरेन्द्रप्रसाद सिंह महिला बालबालिका युवा तथा खेलकुदमन्त्री बनेपछि ती सबै समितिहरु सभापतिविहीन बनेको हो ।
प्रदेशसभा बैठक बस्न नसक्नुको कारण प्रदेशका मन्त्री र सांसदहरु पार्टीको आन्तरिक विवादमा फसेको बताइएको छ । प्राय: सबै पार्टीबीच आन्तरिक विवादको देखिएको छ ।
प्रदेश सभा संसद् सचिवालयका निमित्त सचिव रञ्जित यादवले प्रदेश सभामा १३ विधेयक दर्ता भएर प्रक्रियामा रहेको जानकारी दिए । जसमध्ये केही विधेयकमाथि छलफल सकिएको र केही छलफलकै क्रममा रहेको उनले बताए । यादवले सातौं अधिवेशन सुरु भएपछि १३ वटै विधेयक प्रदेश सभाबाट पारित हुने जनाए ।

## जिल्ला समाचार

### ठाकुर पक्षले मैनबत्ती बालेर मनाए खुशीयाली

राजविराज । निर्वाचन आयोगमा नयाँ पार्टी दर्ताका लागि निवेदन परेसँगै महन्थ ठाकुर पक्षका सप्तरीका नेता/कार्यकर्ताहरुले मैनबत्ती बालेर खुशीयाली मनाएका छन् । जनता समाजवादी पार्टी (जसपा)को आधिकारिता उपेन्द्र यादव पक्षले पाएपछि दलविहीन बनेका महन्थ ठाकुर पक्षले बुधबार नयाँ दल दर्ताका लागि निर्वाचन आयोगमा निवदेन परेसँगै सप्तरीका नेता/कार्यकर्ताहरुले खुशीयाली मनाएका हुन् । राजविराजस्थित गजेन्द्र चोकमा मैनबत्ती बालेर उनीहरुल खुशीयाली मनाए । दीप प्रज्वलन कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, राजविराज नगरपालिकाका उपप्रमुख साधना झा, युवा नेता बिनोद यादव, शम्भु यादवसहितका नेताहरु सहभागी भएका थिए ।

### 'बन्धुत्व भावका साथ जिम्मेवारी निर्वाह गर्नुपर्ने'

धनुषा । प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले आफूलाई रोल मोडलको रुपमा प्रस्तुत गर्दै सामूहिक कार्य र बन्धुत्व भावका साथ असल नियत राखि सुम्पिएको जिम्मेवारी निर्वाह गर्नुपर्ने बताएका छन् । प्रदेश नं. २ प्रहरी कार्यालय जनकपुरको शुक्रबार अवलोकन भ्रमणको क्रममा २ नम्बर प्रदेश प्रहरी प्रमुख तथा प्रदेश अन्तर्गत ८ वटै जिल्लाका प्रहरी प्रमुखहरुलाई निर्देशन दिनुहुँदै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले उक्त कुरा बताए । प्रहरी महानिरीक्षक थापा क्षेत्रीले प्रमाणमुखी अनुसन्धान कार्य, जघन्य प्रकृतिका मुद्दा तथा संवेदनशील वर्गमा हुने अपराधहरुमा थप चनाखो भई कार्य गर्न उपस्थित प्रहरी कर्मचारीहरुलाई निर्देशन दिएका हुन् । हिरासत व्यवस्थापनतर्फ विशेष ध्यान दिनुपर्ने बताउँदै सिमा नाकामा हुने अवैध तस्करी नियन्त्रणमा समेत संवेदनशील भई कार्य गर्न उनले उल्लेख गरे । कोभिड-१९ को रोकथाम तथा नियन्त्रणतर्फ विशेष ध्यान दिई प्रहरी परिचालन गर्न समेत निर्देशन दिँदै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले शान्ति सुरक्षा एवं अपराध अनुसन्धान, लागूऔषध नियन्त्रण लगायत कार्यमा प्रदेश र स्थानीय सरकारसँग समन्वय गरी अगाडि बढ्नुपर्ने बताए । प्रदेश नं. २ प्रहरी कार्यालय जनकपुरका प्रमुख प्रहरी नायव महानिरीक्षक उमेश रंजितकारले समग्र प्रदेशको बारेमा प्रस्तुतीकरण गर्नुभएको उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुखहरुले आ-आफ्नो जिल्लाको बारेमा प्रस्तुतीकरण गरेका थिए । सोही अवसरमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले २ नम्बर प्रदेशका ८ वटै जिल्लाका प्रहरी प्रमुखहरूसँग अन्तर्क्रिया समेत गरेका थिए ।

### नारायणी अस्पतालमा अख्तियारको छापा

वीरगञ्ज । वीरगञ्जस्थित नारायणी अस्पतालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले छापा मारेको छ । अख्तियारको हेटौंडास्थित कार्यालयबाट आएको टोलीले अस्पतालको फार्मेसीमा छापा मारेको हो । फार्मेसीमा भएको रकम हिनामिनाको उजुरीका आधारमा अख्तियारको टोलीले छापा मारेको हो । फार्मेसीमा भएको औषधिको रकम हिनामिना भएको भन्ने उजुरीका आधारमा अख्तियारको टोलीले अनुसन्धानका लागि फाइल संकलन गरिरहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाका सूचना अधिकारी विष्णु सापकोटाले जानकारी दिए । 'अस्पतालको फार्मेसीमा औषधि हिनामिनाको उजुरीका आधारमा टोलीले फाइल संकलनको गरेको छ,' उनले भने । अस्पताल फार्मेसीमा रहेको औषधिको स्टक, म्याद गुज्रेको औषधिको विवरण, खरिद-बिक्रीसम्बन्धी फाइल नियन्त्रणमा लिएर छानबिन गरिने सापकोटाले बताए । नारायणी अस्पतालमा रहेको फार्मेसीमा सबै प्रकारका औषधि पाइने गरेको छैन । डाक्टरले लेखेकामध्ये आधाभन्दा बढी औषधि अस्पतालको फार्मेसीमा नपाइने गरेको तथा बाहिरबाटै किन्नुपर्ने अवस्था छ । चार वर्षअघि नारायणी अस्पतालले आफ्नै फार्मेसी खोलेको थियो ।

### कटानले खेतीयोग्य जग्गा जोखिममा

सर्लाही । लखन्देही खोलाको कटानले हरिपुर नगरपालिका-९ पिडारी ढापटोलका खेतीयोग्य जमिन जोखिममा परेको छ । तत्काले कटान नरोके सयौं बिघा खेतीयोग्य बगरमा परिणत हुने स्थानीयको चिन्ता छ । कटान रोक्न जनताको तटबन्ध कार्यालयसँग समन्वय गरिरहेको नगरप्रमुख जमिरुदिन मन्सुरले बताए । लखन्देही खोलाले यो वर्ष चक्रघट्टाको शिवनगर, लालबन्दीको नवलपुर, मलंगवाको भाडसर, हरिवनको गणेशचोक, कौडेनाको सक्रौल लगायतका दर्जनौं स्थानमा कटान गरेर क्षति पुऱ्याएको छ । यस्तै, लखन्देहीको बाढीले लालबन्दी नगरपालिका-११ पत्थरकोट बाहुनी खोलाले ड्याममा क्षति गरेको छ ।

### कुहियो राहत सामग्री

रौतहट । प्रदेश २ सरकारले विपन्न परिवारलाई राहत वितरण गर्न भनि रौतहटको राजदेवीनगरपालिका-२ मा राखिएको खाद्यान्न सामग्री कुहिएका छन् । एक वर्षअघि लकडाउन हुँदा समयमा वितरण गर्न ल्याएको चामल, दाल, मस्यौरा (सोयाबिन) लगायका खाद्यान्न कुहिएको हो । वडा कार्यालयका अनुसार ६५ बोरा चामल, १५ बोरा दाललगायत नुन, तेल, सोयाबिन भण्डारण गरी राखिएको थियो । वडा कार्यालयको माथिल्लो तल्लाको कोठामा राखिएका केही बोरा चामल चोरीसमेत भएको स्थानीयको गुनासो छ । राहतको सामाग्री वितरण नगरी कुहाएर राखेको भन्दै वडा तथा नगरपालिकाका जनप्रतिनिधिहरूको स्थानीयले आलोचना गरेका छन् । धेरै पटक सो खाद्यान्न बाँड्न आग्रह गर्दा पनि जनप्रतिनिधिहरूले सुनवाइ नगरेको स्थानीयको गुनासो छ । राजदेवीनगरपालिकाका मेयर धीरेन्द्र सिंहले वडा-२ मा खाद्यान्न कुहिएको भन्दै नगरपालिकालाई बदनाम गर्न खोजेको प्रतिक्रिया दिए । राहतको विषयमा नगरपालिकासँग कुनै सरोकार नभएको समेत मेयर सिंहको भनाइ छ ।

### स्कुटर दुर्घटनामा १ जनाको मृत्यु

रुपन्देही । बुटवल उपमहानगरपालिका-२ पाखापानीस्थित सडकमा लु.१७ प १७२६ नम्बरको स्कुटर आफैं अनियन्त्रित भई बुधबार राति दुर्घटना हुँदा स्कुटरमा सवार कैलाली सोखा नगरपालिका-८ मुल गंगा बस्ने ३५ वर्षीय रन्जित चौधरीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका स्कुटर चालक कञ्चन गाउँपालिका-४ हरैया बस्ने २४ वर्षीय बिकास बिकलाई सोही अस्पताल हुँदै थप उपचारको लागि मर्स सिटी बुटवलतर्फ पठाइएको छ ।

### भारतीय रुपैयाँसहित २ जना पक्राउ

रौतहट । ईशनाथ नगरपालिका-१ बन्जरा टोल बकैया बाधबाट स्रोत नखुलेको १ लाख ८३ हजार ५ सय भारतीय रुपैयाँ सहित गौर नगरपालिका-४ टिकुलिया बस्ने ३० वर्षीय सुखाडी सहनी लगायत २ जनालाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ । भारतबाट नेपालतर्फ आउँदै गरेको बा.३९ प १६९१ नम्बरको मोटरसाइकललाई सिमा प्रहरी चौकी बन्जराहाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त स्रोत नखुलेको रुपैयाँ सहित फेला पारी मोटरसाइकलमा सवार उनीहरुलाई पक्राउ गरेको हो ।

### आगलागीबाट धनमाल नष्ट

बाँके । खजुरा गाउँपालिका-३ खजुरा बजारस्थित खजुरा क्याम्पसमा विद्युतको तार सर्ट भई मंगलबार बिहान आगलागी हुँदा करिब ७ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानीयवासीको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### फेन्सी कपडा र सामान बरामद

कपिलवस्तु । सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट कृष्णनगरबाट सशस्त्र प्रहरी निरीक्षक प्रकाश आचार्यको कमाण्डमा खटिएको सशस्त्र प्रहरीले साउन ३२ गते करीव १ लाख ६५ हजार रुपैयाँ बराबरको चोरीपैठारीको फेन्सी कपडा र कस्मेटिक सामान बरामद गरेको छ । भारतबाट अवैध रुपले ल्याउँदै गरेको उक्त सामान सशस्त्र प्रहरीले कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका ३ लक्ष्मीनगरस्थित सीमा ईलाकाबाट बरामद गरेको हो ।

### अध्यादेशको विरोधमा मसाल जुलुस

राजविराज । दल विभाजन सम्बन्धी अध्यादेशको विरोधमा नेकपा एमाले निकट युवा संघ नेपालले सप्तरी सदरमुकाम राजविराजमा मसाल जुलुस प्रदर्शन गरेको छ । सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले राजनीतिक दल विभाजन सम्बन्धी अध्यादेश जारी गरेपछि बुधबार युवा संघले राजविराजमा मसाल जुलुस प्रदर्शन गरेको हो । युवा संघका जिल्ला अध्यक्ष चितरञ्जन यादवको नेतृत्वमा युवाहरुले मसाल जुलुस निकालेका हुन् । नगरको विभिन्न भागमा मसाल जुलुस प्रदर्शन गर्दै स्थानीय जनआन्दोलन चोकमा पुगी कोणसभाको आयोजना गरिएको थियो । कोणसभामा बोल्दै वक्ताहरुले दल विभाजनलाई बढावा दिने किसिमले ल्याएको अध्यादेश खारेज हुनुपर्ने बताए ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

कपिलवस्तु । १३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बुद्धभूमि नगरपालिका-३ दुबिया बस्ने ६५ वर्षीय चन्द्रमणी पाण्डेलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । थान सामुदायिक जंगलमा बाखा चराउन गएको अवस्थामा चन्द्रमणीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गोरुसिङगेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### रक्तसञ्चार केन्द्रलाई फ्रिज हस्तान्तरण

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित रक्तसञ्चार केन्द्र पर्सालाई फ्रिज हस्तान्तरण गरेको छ । महानगर प्रमुख बिजयकुमार सरावगीले नेपाल रेडक्रस सोसाइटी पर्साका सभापति वीरेन्द्रराज कँडेललाई फ्रिज हस्तान्तरण गरेका हुन् । ३ सय ५० युनिट रगत भण्डारण क्षमता भएको फ्रिज ४ लाख ७५ हजार रुपैयाँमा खरिद गरिएको महानगरले जनाएको छ । रक्त सञ्चार केन्द्रमा रहेका सामान्य फ्रिजमा रगत भण्डारण गर्दा रगत डल्लो परेर खेर जाने समस्या देखिँदै आएको थियो । सभापति कँडेलकाअनुसार वार्षिक ४/५ सय युनिट रगत डल्लो परेर खेर जाने गरेको छ ।

## कला/साहित्य

कमल मण्डल



# पूर्वउपराष्ट्रपतिद्वारा सम्मानित



२०७० सालबाट कला र ब्यापार दुवै समायोजन हुनेगरि "स्माइल कला केन्द्र एंड फिट्नेस सेन्टर" खोलि आफ्ने कदम अगाडी बढाएका थिए, पछि पढाईले उनको कला यात्रा रोकिन पुग्यो समय संगै कला भन्दा ब्यबसाय तर्फ अगाडी बढ्न थाले र बुटिक ब्यबसाय गर्न लागे उनि ब्यबसाय मात्र सिमित नरही फेरी कला पनि अगाडी बुढाउने हेतुले फेरी मिडिया संग नजिक हुन थाले तर खेल्नु भन्दा पनि उनि प्राबिधिक हुन थाले मिडिया एंड ईन्टरटेनमेन्ट प्रा.ली. बाट छायांकन र सम्पादन सिकेर सोहि अनुरुप काम गर्दै आयका उनि नेपाल हुने राष्ट्रिय तथा अर्न्तरास्ट्रिय मेला महोत्सव, अवार्ड तथा विभिन्न कार्यक्रमको प्राविधिक संयोजक समेत रहेका छन् । तेसैगरि केहि चलचित्र, म्युजिक भिडियो, सर्ट मुभी, डकुमेन्ट्री लगायतमा छायांकन तथा सम्पादन समेत गरेका छन्, उनले गरेका काम मध्ये केहि उत्कृष्ट काम मार्फत अवार्ड तथा सम्मान पनि प्राप्त गरिसकेका छन् । पछिल्लो समय मिडिया ब्यावसायी तथा कलाकर्मी राजन खरेलले संसारको अग्लो स्थानमा म्युजिक भिडियो निर्माण गरी 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड' मा आफ्नो नाम राखी विश्वमा नेपालको तर्फबाट आफ्नो पहिचान स्थापित गरिसक्नुभयको छ । कोरोना कहरको बीच पनि नेपाल सरकारको स्वास्थ्य मापदण्ड बमोजिम हिमाल एफ.एम.को आयोजना तथा राईको ब्राण्डको प्रायोजनमा काठमाण्डौंमा आयोजित एक कार्यक्रममा सम्पन्न भएको उक्त कार्यक्रममा कार्यक्रममा रेकर्ड होल्डरलाई गणतन्त्र नेपालका प्रथम उपराष्ट्रपति परमानन्द झा, वरिष्ठ पत्रकार तथा रिपोटर्स क्लब नेपालका अध्यक्ष ऋषि धमला र हिमाल एफ.एम.का अध्यक्ष निमा शेर्पाले संयुक्त रुपमा सम्मान गरेका हुन् । काभ्रे जिल्लामा जन्मिएका राजन खरेल सानै उमेरदेखि काठमाडौ हुर्की काठमाडौ लाईनै आफ्नो कर्म थलो बनायक छन् । उनले आफ्नो शीक्षा अरुणिमा उच्च मा.वि. बाट गरेका हुन् भने पढाई संगसंगै आफ्नो कामलाई पनि अगाडी बढाउँदै आएका थिय, सानै उमेर देखि ब्यबसाय र कला क्षेत्रलाइ मन पराउने राजनले आफ्नो कर्म थलो पनि यसैलाई बनाएका छन् ।

# नयाँ सिनेमाको तयारीमा कवीरपंथी



मैथिली सिने जगतमा डेढ दसक देखी निरन्तर सक्रिय रुपमा लागी रहने अथवा टिकिरहने थोरै कलाकार मध्ये एउटा नाम हो विरेन्द्र कवीरपंथी । उनले हाल सम्म छुपके जुर्म, अपन समाज, करम भाग्य, भौजिके बहिन, बरवादी, शिक्षानै जिवन हो लगायतका फिल्महरु निर्माण गरिसकेका छन् भने, करिब एक दर्जनको हाराहारीमा एल्वमहरुमा पनि निर्देशन देखि सम्पादन सम्मको काम गरेर आफनो कलामा निखार ल्याईसकेका छन् । मैथिली सिने जगतमा धेरै संख्यामा नायक तथा मोडल बन्न आए । कतिले एउटामा आफनो अनुहार देखाएर बिलाए भने कतिले अभिनय गरेको फिल्म अथवा एल्वम रिलीज नभएर कला क्षेत्र छोडेर भागेका उदाहरण प्रस्सतै छन् । तर विरेन्द्र कवीरपंथी यस्ता कलाकार छन् जस्ले अरुको भलो नै चाहन्छन । कसैको पछाडी कसैको कुरा काट्दैन । यहि कारणले अहिले मैथिली सिने जगतमा नेपाल र भारतको विहारमा समेत उनको चर्चा हुने गरेको देखीन्छ । विरेन्द्रले निर्माण गरेको फिल्महरु दुई चार दिन मात्रै भएपनि हलमा रिलीज गरेरै छाडछन् । त्यसैले उनको चर्चा बजारमा भइरहन्छ । उनले मैथिली, भोजपुरी हुदै हालै शिक्षानै जिवन हो नामक नेपाली फिलम बनाएर प्रचार प्रसारमा व्यस्तरहेका छन् । आउने दिनमा ठूलो पर्दाको सिनेमा निर्माण गर्ने कामको तयारी पनि गरिरहेका छन् ।

# नेपाल–भारतका जनता साझा सांस्कृतिक सम्बन्धले एकजुट : मोदी

काठमाडौं । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल र भारतका जनता साझा साँस्कृतिक र भाषिक सम्बन्धले एकजुट रहेको बताएका छन् । भारतको ७५ औं स्वतन्त्रता दिवसको अवसरमा प्रधानमन्त्री शेरबहादुर देउवाले आइतबार आफ्ना समकक्षी मोदीलाई ट्वीटरमार्फत दिएको शुभकामना तथा बधाईको प्रतिक्रियामा मोदीले सो कुरा बताएका हुन् । उनले आफ्नो ट्वीटरमार्फत भनेका छन्, 'म प्रधानमन्त्री शेरबहादुर देउवालाई बधाई र शुभकामनाको लागि धन्यवाद दिन्छु । भारत र नेपालका जनता हाम्रो साझा सांस्कृतिक, भाषिक, धार्मिक र पारिवारिक सम्बन्धद्वारा एकजुट छन् ।'

# भारतीय युथ स्पोर्ट्स काउन्सिलले दिए पोल बल

काठमाडौं । भारतीय स्पोर्ट्स काउन्सिलले गोर्खा पोलब्रेकर्स संघ नेपाललाई पोल बल हस्तान्तरण गरेको छ । शनिबार युथ स्पोर्ट्स क्लब इन्डियाको सहयोगमा गोर्खा पोलब्रेकर्स संघलाई पोल बल प्रदान गरिएको हो । भारतीय युथ स्पोर्ट्स काउन्सिलका अध्यक्ष दीपक कडरियाले गोर्खा पोलब्रेकर्स संघका संस्थापक अध्यक्ष उद्धवनारायण श्रेष्ठलाई ५०० वटा बल हस्तान्तरण गरेका हुन् ।

# कायममुकायम प्रधान सेनापति र भारतीय राजदूतबीच भेट



काठमाडौं । नेपाली सेनाका कायममुकायम प्रधान सेनापति प्रभुराम शर्मा र नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राबीच शिष्टाचार भेटवार्ता भएको छ । शुक्रबार जङ्गी अड्डामा भएको भेटमा दुई पक्षीय आपसी हित तथा पारस्परिक सम्बन्धका विषयमा छलफल भएको सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

यस किसिमको भेटवार्ताले दुई देश बीचको आपसी सम्बन्धलाई सुमधुर एवम् प्रगाढ बनाउन थप मद्दत पुग्ने विश्वास सेनाले लिएको छ ।

जनसंख्याको अनुपातमा खोप उपलब्ध गराउनु पर्छ : मुख्यमन्त्री राउत जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले जनसंख्याको अनुपातमा कोरोनाविरुद्धको खोप उपलब्ध गराउन केन्द्रीय कोरोना संकट व्यवस्थापन केन्द्रसँग माग गरेका छन् ।

केन्द्रीय कोरोना संकट व्यवस्थापन केन्द्रस (सिसिएमसी) सचिवालयका प्रमुख बालानन्द शर्मा नेतृत्वको टोलीसहित बसेको पिसिसिएमसीको बैठकमा मुख्यमन्त्री राउतले यस्तो माग गरेका हुन् ।

भारतसँगको खुला सीमा तथा बढी जनघनत्व भएका कारण यो प्रदेश कोरोना महामारीको उच्च दोखिममा रहे पनि जनसंख्याको अनुपातमा खोप उपलब्ध हुन नसकेको मुख्यमन्त्री राउतले गुनासो गरे । महामारी नियन्त्रणका लागि आफूहरू उच्चतम प्रयास गर्दै पहिलो र दोस्रो लहरलाई नियन्त्रणमा लिन सफल भएको र तेस्रो चरणका लागि तयारी अवस्थामा रहेको उनले बताए ।

# एन्टाको छैटो महाधिवेशन स्थगित

काठमाडौं । अमेरिकामा बस्ने नेपालका तराईवासीहरुको संस्था एसोसिएसन अफ नेपाली तराइयन इन अमेरिका (एन्टा)ले यस वर्ष हुने आफ्नो छैटो महाधिवेशन स्थगित गरेको छ । हालै प्रेस विज्ञप्ति जारी गरेर एन्टाले कोरोना महामारीको विषम परिस्थितिका कारण यस वर्ष हुने महाधिवेशन स्थगित गरिएको जनाएको छ ।

विज्ञप्तिमार्फत् नै एन्टाले महाधिवेशन अर्को वर्ष अर्थात् सन् २०२२ मा सम्पन्न गरिने जानकारी पनि दिएको छ । एन्टाका अध्यक्ष अपराजिता झाले अमेरिकामा कोरोना भाइरसको डेल्टा भेरियन्टको बढ्दो प्रकोपको कारण यस वर्षको महाधिवेशन स्थगित गरिएको जानकारी दिएकी छन् । कोरोना भाइरस (कोडिभ-१९) को डेल्टा भेरियन्टको बढ्दो प्रकोपका साथै एन्टाका सदस्यहरु नेपालको तराई क्षेत्रमा राहत वितरण कार्यमा नियमित रुपमा व्यस्त रहेकाले यस वर्ष महाधिवेशन आयोजना गर्न असम्भव रहेको झाले जनाएकी छन् ।

उनले आउँदो नोभेम्बर महिनामा वार्षिक बैठक बसेर सन् २०२२ मा गरिने महाधिवेशनको मिति र स्थान तय गरिने जानकारी दिइन् ।

एन्टाको विधानअनुसार यसको महाधिवेशन प्रत्येक दुई वर्षमा हुने गर्दछ । सन् २०१९ मा सम्पन्न एन्टाको पाँचौं महाधिवेशनले अध्यक्ष झाको नेतृत्वमा नयाँ केन्द्रीय कार्यकारिणी समिति चयन गरेको थियो ।

# थारू भाषाको मानक लेखन निर्देशिका तयार

काठमाडौं । थारु भाषाको मानकीकरणका लागि थारु मानक लेखन निर्देशिका तयार भएको छ । त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभाग कीर्तिपुरका भाषा विशेषज्ञ प्रा.डा. दानराज रेग्मी र डा. नेत्रमणि दुमी राईको विशेष निगरानीमा लेखन निर्देशिका तयार गरिएको हो ।

थारु आयोग र थारु कल्रुयाणकारिणी सभाको समन्वयमा भक्तपुरको बोडेमा आयोजित चार दिने कार्यशाला गोष्ठीबाट १२ बुँदे निष्कर्षसहित थारु मानक भाषा लेखन निर्देशिक तयार भएको थारु आयोगका अध्रुयक्ष विष्णु चौधरीले अनलाइनखबरलाई जानकारी दिए ।

उनले भने, 'थारु भाषा मानकीकरणको पहिलो खुड्किलोको काम भएको छ ।'

मानकीकरणको काम अझै बाँकी रहेकाले यसका लागि निरन्तर पहल गरिरहने चौधरीले बताए ।

गोष्ठीले थारु भाषाको मानकीकरण गर्दा थारु लिपी पत्ता नलागेसम्म देवनागरी लिपी प्रयोग गर्ने र थारु लिपी खोजी जारी राख्ने निर्णय पनि गरेको छ ।

# सरकारको...

आन्दोलनका क्रममा ठूलो जनधनको क्षति भयो । जसको छानविनका लागि २०७३ साउन २१ मा पुष्पकमल दाहाल नेतृत्व मन्त्रिपरिषद् बैठकले पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा आयोग गठन भएको थियो । त्यही आयोगले तयार गरेको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने विषय चार वर्षयता निरन्तर उठिरहेको छ । हरेकपटक सत्ता फेरबदल र राजनीतिक किचलो चर्किंदा मधेशी दलहरुबाट 'लाल आयोगको प्रतिवेदन सार्वजनिक' गर्ने माग उठ्दै आएको छ । न्यूनतम साझा कार्यक्रममा संसदमा विचाराधीन नागरिकता विधेयकलाई पनि पारित गर्ने उल्लेख छ । मधेशका विषयमा थोरै विषय समेटिएको न्यूनतम साझा कार्यक्रमले समग्र मधेशलाई छुन सकेको छैन ।

मधेशका वर्षेनी उत्पन्न हुने प्राकृतिक प्रकोप जस्तो शीतलहर, बाढी, आगलागी जस्ता घटनालाई न्यूनीकरणको विषयमा न्यूनतम साझा कार्यक्रम मौन छ । बढ्दो बन विनाशले मधेश मरुभूमीकरण हुँदैछ, खेतीयोग्य जग्गा बगरमा परिणत हुँदैछ तर न्यूनतम साझा कार्यक्रमले यसलाई सम्बोधन गरेको छैन । यसैगरी, मधेशका बढ्दो बेराजगारीलाई ध्यान दिइएको छैन भने राजगारमूलक कार्यक्रम ल्याइएको छैन ।

विगतका सरकारहरुले तात्कालीन मधेशी दलहरुसँग गरेको विभिन्न सम्झौताहरुको कार्यान्वयनको सवाल पनि न्यूनतम साझा कार्यक्रममा उल्लेख छैन । यसका लागि गठबन्धनमा आवद्ध दल नै बढी जिम्मवार देखिन्छ । मधेशमा भइरहेको गैरन्यायीक हत्या, हिरासत, सीमा समस्या, महिला हिंसा, चुरे संरक्षण आदि विषय न्यूनतम साझा कार्यक्रममा नसमेटिनु भनेको वर्तमान सरकार मधेशी मैत्री नरहेको देखाउँछ ।

# नेपाल र भारतको द्विपक्षीय सहकार्य परियोजनाहरुको विस्तृत समीक्षा

काठमाडौं । नेपाल र भारतले काठमाडौंमा नवौं परियोजना अनुगमन समिति (ओभरसाइट मेकानिजम) को बैठक सम्पन्न भएको छ ।

उक्त बैठक नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्रा र नेपाल सरकार, परराष्ट्र सचिव भरतराज पौड्यालको सहअध्यक्षतामा सम्पन्न भएको थियो ।

भारतको सहयोगमा सञ्चालित विभिन्न परियोजना तथा पहलहरुको प्रगति अनुगमन गर्न हेतु सन् २०१६ मा स्थापना गरिएको सो समितिको बैठकमा विभिन्न मन्त्रालय, विभाग र नेपाल सरकारका निकायहरुका प्रतिनिधि, भारतीय राजदूतावासका अधिकारी र परियोजनाको कार्यान्वयनमा संलग्न परामर्शदाता, ठेकेदार र अन्य सरोकारवालाहरुको उपस्थिति थियो ।

बैठकले २०७७ भाद्र १ मा सम्पन्न भएको आठौं बैठक यता गरिएका द्विपक्षीय सहकार्य परियोजनाहरुको विस्तृत रुपमा समीक्षा गरेको थियो । दुवै पक्षले विषयमा गहन छलफल गर्नुका साथै यी परियोजनाहरुको कार्यान्वयन प्रक्रियालाई तीव्रता दिने कुरामा सहमत भएका थिए । कोभिड महामारीले निम्त्याएको अनेक अवरोधका बाबजुद पनि पछिल्लो एक वर्षमा विभिन्न विकास परियोजनामा भएका प्रगतिहरुबारे दुवै सह-अध्यक्षले बैठकमा जानकारी गराएका थिए ।

यसले दुई राष्ट्रबीचको द्विपक्षीय साझेदारीको शक्ति र प्रतिबद्धता र दुवै पक्षले एक अर्कालाई सहयोग र सहजीकरण गर्न देखाएको तदारुकतालाई स्पष्ट रुपमा झल्काएको छ ।

बैठकमा विशेष गरी गोरखा र नुवाकोट जिल्लामा हाल निर्माणाधीन अवस्थामा रहेको तर छिट्टै निर्माण सम्पन्न हुन लागेका आवासको पुनर्निर्माण कार्यमा भइराखेको प्रगति, नेपालका तराई क्षेत्रमा निर्माण सम्पन्न भएका १३ वटा सडकहरु, भारत सरकारको सहुलियतपूर्ण ऋण अन्तर्गत सञ्चालित सडक र प्रसारण लाइन परियोजनाहरु र अरुण-तेस्रो परियोजनामा भइराखेको सन्तोषजनक प्रगति र नेपालगञ्जमा सुरु गरिएको एकीकृत जाँच चौकीको निर्माण बारे चर्चा गरिएको थियो ।

परियोजनासँग सम्बन्धित विविध समस्याको निराकरण गर्न र परियोजना कार्यान्वयनलाई सहयोग पुऱ्याउन दुवै पक्षले नियमित समन्वयमार्फत ओभरसाइट मेकानिजमका निर्णयहरुमा अनुगमन गर्ने कुरामा सहमत भएका थिए ।

यसको अलावा भारतले नेपाललाई उपलब्ध गराएको औषधी, चिकित्सकीय उपकरण, बेड, आइसियु, भेन्टिलेटर र खोप लगायतका कोभिड-१९ सँग सम्बन्धित सहकार्यको दुवै पक्षले सराहना गरेका थिए ।

दुवै सह-अध्यक्षले ओभरसाइट मेकानिजमको अर्को बैठक दुवै पक्षलाई सहज हुने मितिमा आयोजना गर्न सहमत भएका छन् ।




## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं